पान नं.: ६०३८१६६५५

दर्ता नं. ९७६/०७२/७३

"सहकारीमार्फत् आत्मनिर्भरता"

# जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

# Jayalaxmi Saving & Credit Co-Operative Society Ltd.

प्रधान कार्यालय : पोखरा-११ रानीपौवा, फोन नं.: ०६१-५७५३८२, ५९०३८१

सेवाकेन्द्र : पोखरा-१९, लामाचौर फोन नं.: ०६१-४४२३६६ । माछापुच्छ्रे-२, सादिखोला

औं ७

## वार्षिक साधारण सभा

## वार्षिक प्रतिवेदन-२०७८/०७९

## Annual Report-2078/079

मिति : २०७९ भाद्र २५ गते

website: jayalaxmicoop.com

E-mail: jayalaxmisahakari@gmail.com

info@jayalaxmicoop.com

# सञ्चालक समिति



निलराज आत्रेय
अध्यक्ष
९८५६०८२१८०



यादव प्रसाद अधिकारी
उपाध्यक्ष
९८५६०३०१६४



शिवलाल उपाध्याय
सचिव
९८५६०३९३४२



सुरेश के.सी.
कोषाध्यक्ष
९८५६०३९५९४



मेघराज पौडेल (प्रेम)
सञ्चालक
९८५६०७७८५०



बोधमाया बानिया (मञ्जु)
सञ्चालक
९८५६०११५४९



उर्मिला बानिया
सञ्चालक
९८५६०२८२०१



सावित्री पौडेल
सञ्चालक
९८४६२४८७३३



राधा कुमारी सुवेदी
सञ्चालक
९८४६०५०१०४

# लेखा सुपरिवेक्षण समिति



संजिता अधिकारी
संयोजक
९८४६०५६७९८



विष्णुप्रसाद पौडेल
सदस्य
९८५६०५३२०३



हर्कबहादुर अधिकारी (मिरजा)
सदस्य
९८५६०४७१९७

# सल्लाहकार



मा. डा. पुष्पा के.सी. (भण्डारी)
सल्लाहकार



प्रा.डा. दिलबहादुर क्षत्री
सल्लाहकार



बेनीबहादुर बस्नेत
सल्लाहकार

# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची–महाकाली ।

प्रकृतिका कोटी कोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय ! जय !! नेपाल ।

---

## सहकारीका सात सिद्धान्तहरू

| | |
|---|---|
| **१. स्वेच्छिक तथा खुल्ला सदस्यता** | (Voluntary & Open Membership) |
| **२. सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण** | (Democratic Member Control) |
| **३. सदस्यहरुद्वारा आर्थिक सहभागिता** | (Members Economic Participation) |
| **४. स्वायत्तता र स्वतन्त्रता** | (Autonomy & Independence) |
| **५. शिक्षा, तालिम र सूचना** | (Education, Training & Information) |
| **६. सहकारीहरुबीच पारस्परिक सहयोग** | (Co-Operation among Co-operatives) |
| **७. समुदायप्रति चासो** | (Concern for Community) |

---

**आवद्धता :**

# विषय सूची


संस्थाको संक्षिप्त परिचय ........ ५

संस्थाको प्रगति विवरण ........ ६

अध्यक्षको भनाई ........ ७

सञ्चालक समितिको तर्फबाट सचिवद्वारा प्रस्तुत प्रतिवेदन ........ ९

कोषाध्यक्षको प्रतिवेदन ........ २५

लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ........ ३२

आ.व. २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन ........ ४५

आ.व. २०७९ असार मसन्तासम्मको वासलात ........ ४८

आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब विवरण ........ ४९

नगद प्रवाह विवरण ........ ५०

वित्तिय प्रतिवेदन एवमं अनुसूची ........ ५२

पर्ल्स विश्लेषण ........ ६१

सदस्यको काम, कर्तव्य र अधिकार ........ ६८

नोट ........ ६९

सदस्य सुझाव र सहभागिता फारम ........ ७१

०७९/८० २०७९/०४/२०

# सूचना । सूचना ॥ सूचना ॥।

## सातौं बार्षिक साधारण सभा २०७९ भदौं २५ गते शनिबार

उपरोक्त सम्बन्धमा यस **जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.** पोखरा-११, कास्कीको सञ्चालक समितिको ११४ औं बैठकको निर्णयानुसार संस्थाको **सातौं बार्षिक साधारण सभा** तपशिलका बमोजिम सुसम्पन्न हुन गइरहेको सन्दर्भमा सम्पूर्ण सक्रिय शेयर सदस्यहरुलाई जानकारी गराउदैं केही सुझाव भएमा मिति २०७९/०५/२० गते बेलुका ४:०० बजेसम्म कार्यालयमा आई लिखित सुझाव प्रतिक्रिया दिनुहुन जानकारी सहित सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध सहित सूचना प्रकाशित गरिएकोछ ।

**तपशिल :-**

**स्थान : जित ईभेन्टस् एवं पार्टी प्यालेस प्रा.लि.बाटुलेचौर, पोखरा-१६ (मातृशिशु अस्पताल नजिकै)**

**मिति : २०७९/०५/२५ गते शनिबार समय : विहान ८:०० वजे**

**प्रथम सत्र** : उपस्थिति, आसन ग्रहण, राष्ट्रिय गान, सहकारीका ७ सिद्धान्त वाचन, स्वागत मन्तव्य, प्रमुख अतिथिबाट साधारणसभा औपचारिक उद्घघाटन, अध्यक्ष ज्युबाट संस्थागत प्रतिवेदन प्रस्तुत, लेखासमितिबाट प्रतिवेदन प्रस्तुत, पुरस्कार तथा सम्मान, शुभकामना मन्तव्य, प्रमुख अतिथि मन्तव्य, मायाको चिनो वितरण, धन्यवाद ज्ञापन तथा प्रथम सत्र समापन ।

- **दोश्रो सत्र** : आसन ग्रहण, स्वागत मन्तव्य, पत्रहरुको जानकारी, अन्य जानकारी, गणपुरक संख्याको जानकारी
- **छलफलका विषयहरु** :

१. छैटौ साधारण सभाको निर्णय पुस्तिका/माइन्युट अनुमोदन गर्ने ।
२. सातौं साधारण सभाको निर्णय पुस्तिका/माइन्युट प्रमाणित/निर्णय गर्न प्रतिनिधि चयन गर्ने ।
३. संस्थाको बार्षिक कार्यक्रम तथा आगामी कार्यक्रम तथा बजेट प्रस्तुत तथा पारित गर्ने ।
४. आ.व. ०७८/७९ को लेखापरिक्षण सहितको आर्थिक प्रतिवेदन प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
५. सञ्चालक समिति, लेखा समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
६. शेयर लाभांश कोष र संरक्षित पूँजि फिर्ताकोष रकम वितरण गर्ने ।
७. आ.व.०७९/८०को लागि लेखापरिक्षक नियुक्ती एवं पारिश्रमिक तोक्ने ।
८. बिनियम संशोधन/पुनर्लेखन तथा नीति कार्यविधि संशोधन/तयार गर्ने (सहकारी ऐन नियमावली अनुसार)
९. संस्था एकिकरण, सेवाकेन्द्र विस्तार, कार्यक्षेत्र थप गर्ने ।
१०. समिति, कर्मचारीहरुको पारिश्रमिक
११.विशेष प्रस्तावहहरु (सदस्यबाट थप प्रस्ताव आएमा) ।

**शुन्य समय, धन्यवाद ज्ञापन, अध्यक्षको मन्तव्य सहित सभा समापन ।**

**पुनश्च :**

- सभा अगावै संस्थामा सम्पर्क गरि सदस्य पहिचान विवरण (**KYM)** अद्यावधिक गर्न बाँकी सदस्यहरुले सो अद्यावधिक गर्नुहुन एवं मासिक बचत नगरेका सदस्यहरुले २०७६ पौषबाट मासिक नियमति बचत हुने गरि बचत गर्नुहुन अनुरोध गरिन्छ ।
- प्रतिवेदन बुझाएको आधारमा नै गणपुरक संख्याको गणना गर्नुपर्ने भएकोले अनिवार्य सहभागिताको लागि अनुरोध छ। साथै संस्था सम्बन्धी थप जानकारीको लागि संस्थाको वेभसाईट www.jayalaxmicoop.com नियमित रुपमा हेर्नुहुन समेत अनुरोध छ ।
- सभामा पुरा समय सकृय सहभागि रहनुहुने सदस्यलाई खाजाखाना, यातायात खर्च एवम् आकर्षक Door Gift प्रदान गरिनेछ ।

**शिवलाल उपाध्याय**
**सचिव**

# जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## पोखरा, कास्कीको

## सातौं वार्षिक साधारण सभाको कार्यक्रम तालिका

**समय ८:३०-११:३० बजे सम्म**

१। उपस्थिति/जलपान
२। आसन ग्रहण
३। संस्थागत स्वागत
४। राष्ट्रिय गान
५। सहकारीका ७ सिद्धान्तहरुको बाचन
६। स्वागत मन्तव्य
७। कार्यक्रम उद्घाटन
८। सञ्चालक समितिबाट आ.व २०७८/७९ को संस्थागत प्रतिवेदन, भावी कार्यक्रम तथा नीति प्रस्तुत
९। आ.व. २०७८/७९ को आयव्यय, लेखापरिक्षण एवं कोषाध्यक्षको प्रतिवेदन, भावी कार्यक्रम तथा बजेट प्रस्तुत
१०। लेखा समिति प्रतिवेदन प्रस्तुत
११। सम्मान कार्यक्रम
१२। शुभकामना मन्तव्य
१३। सम्मानित व्यक्तीत्व मन्तब्य
१४। शेयर सदस्य मन्तव्य
१५। सल्लाहकार मन्तव्य
१६। विषेश अतिथि मन्तव्य
१७। प्रमुख अतिथिज्युको समुद्घाटन मन्तव्य
१८। मायाको चिनो प्रदान
१९। अध्यक्षज्युबाट धन्यवाद ज्ञापन सहित उद्घाटन सत्र समापन मन्तव्य

**दोश्रो सत्र १२:३०-२:०० बजेसम्म**

१। आसन ग्रहण
२। संस्थागत स्वागत
३। सञ्चालक समितिबाट आ.व २०७८/७९ को संस्थागत प्रतिवेदन भावी कार्यक्रम तथा नीति प्रस्तुत
४। आ.व. २०७८/७९ को आयव्यय, लेखापरिक्षण एवं कोषाध्यक्षको प्रतिवेदन, भावी कार्यक्रम तथा बजेट प्रस्तुत
५। लेखा समितिको प्रतिवेदन प्रस्तुत
६। साधारणसभाको निर्णय पूस्तिका (माइन्युट) प्रमाणित गर्ने प्रतिनिधि शेयर सदस्यहरु चयन
७। प्रतिवेदन उपर छलफल एवं जिज्ञासा
८। प्रतिवेदन पारित
९। सदस्यहरुको सुझाव सम्बन्धमा
१०। विविध
११। धन्यवाद ज्ञापन सहित सातौं साधारण सभा समापन

धन्यवाद ॥। जयलक्ष्मी ॥ जय सहकारी ॥

# संस्थाको संक्षिप्त परिचय

## १. संस्थाको नाम, ठेगाना

जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पोखरा - ११, रानीपौवा
सर्म्पक फोन नं. : ०६१ ५७५३८२, ५९०३८१
Web Site : www.jayalaxmicoop.com
Email : info@jayalaxmicoop.com
: ranipauwa@jayalaxmicoop.com
: jayalaxmisahakari@gmail.com
सेवा केन्द्र : पोखरा - १९, लामाचौर
सर्म्पक फोन नं. : ०६१ ४४२२६६
Email : lamachaur@jayalaxmicoop.com

## २. जयलक्ष्मी कृषि सहकारी संस्था लिमिटेडको रूपमा स्थापना

मिति : २०७२ पौष ०९ गते

## ३. जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना

मिति : २०७७ भदौ २२ गते

## ४. अष्टलक्ष्मी दिदीबहिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना

मिति : २०७० जेठ २६ गते

## ५. मुक्ति बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको स्थापना

मिति : २०७६ कात्तिक २७ गते

## ६. जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको रूपमा एकीकरण

मिति : २०७७ माघ ०२ गते

## ७. संस्था दर्ता एवं आवद्ध

७.१ *सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की*
दर्ता मिति : २०७२ पौष ०९ गते दर्ता नं. : ९७६/०७२/०७३

७.२ *पोखरा महानगरपालिका नगर कार्यापालिकाको कार्यालय, कास्की*
दर्ता मिति : २०७२ पौष ०९ गते दर्ता नं. : ९७६/०७२/०७३
(२०७७/०५/२२ को निर्णय अनुसार श्री जयलक्ष्मी कृषि सहकारी संस्था लिमिटेडबाट जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा उद्देश्य परिवर्तन भएको।)

७.३ *सहकारी रजिष्ट्रार कार्यालय, गण्डकी प्रदेश*
दर्ता मिति : २०७२ पौष ०९ गते दर्ता नं. : ९७६/०७२/०७३
(२०७७/१०/०२ को निर्णय अनुसार श्री अष्टलक्ष्मी दिदीबहिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मुक्ति बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड एवमं जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड एकीकरण भएको।)

७.४ *जिल्ला सहकारी संघ लिमिटेड, कास्की*
आवद्धता मिति : २०७३ भदौ २६ गते सदस्य नं.: २७३

७.५ *राष्ट्रिय सहकारी बैंक, काठमाडौं*
आवद्धता मिति : २०७६ असार १६ गते सदस्य नं. : ००८९५७

७.६ *आन्तरिक राजश्व कार्यालय, कास्की*
आवद्धता मिति : २०७७ पौष २९ गते पान नं. : ६०३८१६६५५

७.७ *नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून), काठमाडौं*
आवद्धता मिति : २०७७ मङ्सिर १० सदस्य नं. : ४२०९

७.८ *कास्की बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड, कास्की*
आवद्धता मिति : २०७७ असोज ३० सदस्य नं.: २८०

## ८. कार्यक्षेत्र :

कास्की जिल्ला

# संस्थाको विगत ५ वर्षको वित्तीय सूचकाङ्कमा भएको प्रगति विवरण



















# अध्यक्षको भनाई

## सातौं बार्षिक साधारण सभा २०७९ भदौ २५ गते शनिबार

नेपालको सुन्दर नगरी पोखरा पर्यटकीय, धार्मिक, राजनैतिक, सामाजिक र सामूहिकताको उर्वर भूमि हो । यही भूमिको उर्वरतामा उर्जाशील भावना रसहकार्य मनलाई एउटै मालामा उन्ने प्रयास स्वरुप यसै सुन्दर भुमिमा स्थापित जयलक्ष्मी सहकारीको आज सातौं साधारण सभा सम्पन्न गर्न गइरहेका छौं । अब यो सात वर्ष पहिलाको जयलक्ष्मी होइन, विशाल, विस्तारित एवं परिस्कृत जयलक्ष्मी बनी  सातौं साधारण सभा सञ्चालन गर्न गइरहेका छौं । यो बिशाल जयलक्ष्मी सहकारी निर्माणका लागि हामीलाई बिश्वास गरेर संस्था स्थापना देखि हालसम्म अबिरल साथ दिनुहुने सम्पूर्ण सम्मानिय व्यक्तित्वज्यूहरु एवं आदरणीय शेयरसदस्यज्यूहरु, संस्थाका स्वर्गीय संरक्षक, सल्लाहकार एवं प्रत्यक्ष, अप्रत्यक्ष साथ सहयोग गर्नुहुने सम्पूर्ण शुभेच्छुक महानुभावहरुप्रति  नमन प्रकट गर्दछु ।

हामी कास्की जिल्लामै नमुना एवं अब्बल सहकारी बनाउने प्रयासमा रहँदारहदै पनि सोचेजस्तो प्रगति गर्न नसकेको तितो यथार्थ त छदैंछ तर २ वर्षको कोरोना महामारी पश्चातको नकारात्मक आर्थिक प्रभावलाई चिरेर आर्थिक पारदर्शिता सहित चुस्त दुरुस्त व्यवस्थापन, सरकारको ३ तहको सहकारी ऐन नियम अन्तगर्त रहेर नीति विधि र प्रविधिको मापदण्डभित्र रहेका अन्य असल सहकारीहरु सँगसँगै जयलक्ष्मीले आफूलाई एउटा सबल एवं सक्षम सहकारीको रुपमा उभिएको छ भनेर गर्वका साथ भन्न सक्ने स्थितिमा हामी छौं भन्दा अतियुक्ति नहोला ।

"भनिन्छ एकले थुकी सुकी सय थुकी नदी", सहकारीको गति निर्धारण पनि यसैबाट हुने गर्दछ । यदि हामी कोही कसैले एक जना व्यक्ति बिशेषको मात्र अहम भूमिकाले सहकारी अगाडि बढ्छ भन्ने भ्रम कसैलाई छ भने त्यो केवल दिवा सपना मात्र हो यस्तो अहम भावना जागृत हुन्छ भने किमार्थ स्वीकार्य हुँदैन, सबैको प्रत्यक्ष अप्रत्यक्ष साथ सहयोग बिना संस्थाले उचाई लिएको हुँदैन तर समिति उपसमितिका केही साथीहरु, कर्मचारी प्रमुख एवं कर्मचारी प्रति नतमस्तक पनि छु । तर नामका लागि पदधारण गर्ने, म वा मेरा आफन्तले मात्रै संस्थागत लाभ लिनुपर्छ भनेर स्वयम् स्वार्थमा प्रेरित रहेर समिति उपसमितिमा आवद्ध रहने व्यक्तित्व घातक सिद्ध हुन्छन, र असहयोग गर्ने प्रवृत्तिले संस्थाको अधोगति उन्मुख हुन सक्छ। यसै भावनाका कारण आज मै हुँ भन्ने संस्थाहरु ढलिरहेका समाचार आइरहेका छन् र हामी अत्यन्त सजग रहनु आजको आवश्यकता छ । व्यक्ती भन्दा माथि उठेर संस्थागत सकारात्मक सोचका साथ समस्याबाट भागेर होइन समस्याको जड पत्ता लगाएर सामूहिक हितमा लाग्न हाम्रो संस्था जयलक्ष्मीमा पनि सकृय साथीहरु समावेश गरी समिति उपसमिति निमार्ण गरेर हामी सबैले जागरुकता बढाउन जरुरी छ ।

हालको परिवेशमा अपेक्षाकृत विकास नदेखिए तापनि धेरै कुराहरुमा फड्को मारिसकेको हाम्रो संस्था "जयलक्ष्मी" प्रबिधियुक्त भैसकेको छ । संस्थाले सदस्य सेवा छिटोछरितो बनाउन एवं सदस्यलाई प्रविधिमैत्री बनाउन SMS Banking, Mobile Banking, QR Code सेवा विस्तार सँगसँगै नेपाल भरी प्रयोग गर्न सकिने ATM कार्ड छ, घर बसी बसी आफ्नो खातामा भएको रकम अन्य बैंकहरुमा समेत ट्रान्सफर गर्न मिल्ने, हवाई टिकट, बिल भुक्तानी देखिका बिविध सेवा सुविधाको लागि संस्थाकै मोबाइल बैकिङ्ग सेवा, Fonepay Service, QR Code Service प्रयोग गर्न सबैलाई अनुरोध गर्दछु । जसले गर्दा संस्थागत कारोवार

वृद्धिमा टेवा पुग्नेछ। अन्य कुनै बैंक वित्तिय संस्थामा रहेको रकम हाम्रो संस्थाको नाउमा रहेको बैंक खातामा जम्मा गरी वा IPS गरी संस्थामा अनलाइन जानकारी गराई सदस्यले आ-आफ्नो खातामा रकम जम्मा गर्न गराउन सक्ने एवं फोन सम्पर्क वा ईमेल भाईवर गरी अन्य बैंकमा रहेको आफ्नो खातामा संस्थाबाट IPS गर्न सकिने सुविधा पनि हामी थप गरको व्यहोरा जानकारी सहित लाभ लिनुहुन, नियमित तथा सकृय कारोबार गर्न गराउन हुन एवं सोबाट संरक्षित पूँजिकोष मार्फत संस्थागत मुनाफा भन्दा पनि अधिक लाभ हासिल गर्न गराउन सबैमा अनुरोध गर्दछु।

Real isn't: Who's with you standing at your celebration.
Real is: Who's with you standing at rock bottom.

यो अंग्रेजी भनाई जस्तै अबैध खर्च प्रस्तुत गरेर कोष मास्ने कृयाकलापबाट बोनश खेती गरिने र त्यसलाई संस्थाको उत्सव भनेर तत्कालको मुनाफामा मात्रै रमाउने शेयर सदस्यहरु भन्दा संस्थालाई डगमगाउन नदिन आपतकालिन एवं खडेरीका बेला साथ दिने, संस्था मेरै हो हाम्रै हो भनेर नियमित एवं सकृय आर्थिक कारोबार गरिरहने एवं गर्न प्रेरित गरिरहने सदस्य नै संस्थाको असली शुभचिन्तक र असली शेयर सदस्य हुन् भन्ने मेरो कार्यकाल एवं हालसम्मको सहकारीय अनुभवको बुझाई छ।

हाम्रो संस्थाको माछापुच्छे गा.पा.-२ स्थित खैमराङमा रहेको ६० रोपनी जग्गामा संस्थागत जग्गा धितो शेयर कायम रहने गरी कुनै परियोजना भित्राउने पहल कदमीमा हामी रहिरहेको ब्यहोरा अवगत गराउँदै आर्थिक पारदर्शिताका लागि अध्यक्ष र कर्मचारी बाहेकका छुटै खरिद समिति मार्फत खर्च ब्यबस्थापन कार्य गर्दै गराउँदै सिस्टमको Username र पासवर्ड लिएर समितिले दैनिक कारोबार हेर्न मिल्ने ब्यबस्था मिलाउँदै कोही कसैलाई गुञ्जायस नरहने वातावरण निर्माणमा प्रयासरत हामी छौ भने अझ सहकारी ऐन नियम विपरित कार्य नहोस् एवं चुहावट नहोस् भए गरेको रहेछ भने पनि सूक्ष्म रुपमा पत्ता लगाउन सहज होस् भनेर संस्थाको लेखा सुपरीवेक्षण समितिको सिफारिसमा समिति उपसमितिका पदाधिकारीलाई जानकारी गराई सम्भव भएसम्मका पदाधिकारीको रोहबरमा अनुभवी चार्टड एकाउन्टेन्ट मार्फत अर्धवार्षिक आन्तरिक लेखापरीक्षण गराई सुझाव संकलन गरी हरहिसाब त्रुटीरहित बनाउने प्रयास सहित दैनिक सदस्य सेवा प्रदान गरिरहेका छौं।

संस्थागत जानकारी एवं सदस्य सेवामा सहजताको लागि हामीले संस्थाको तपशिलको आधिकारिक वेवसाइट, सामाजिक सञ्जाल मार्फत मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक प्रतिवेदन एवं आवश्यकता अनुसार पारदर्शी रुपमा सूचना एवं जानकारी प्रदान गरिरहेका छौं भने सदस्यले समय र आवश्यकता अनुसार संस्थामा सम्पर्क गरी सुझाव एवं जानकारी लिनदिन सकिनेछ।

तपशिल :
Website: - jayalaxmicoop.com
Facebook/page:- jayalaxmisahakari

जयलक्ष्मी सहकारी यँहाहरु सबैको सुख दुःखको सहयात्री बनिरहन पाओस्। म आफैं अध्यक्ष लगाएत मेरो टिम कुनै बेथिति र बेनियममा होइन, यहाँहरुकै प्रत्यक्ष सहभागिता, सुझाव सल्लाह अनुसार चल्ने साझा समूह (टिम) भएर कार्य गर्ने प्रतिबद्धता जाहेर गर्दै हाम्रो सम्मुख आउँदै गरेको बिजयादशमी, दिपावली, छठ पर्ब, क्रिष्टमस, ल्होसार, इद जस्ता महान चाडहरुमा यहाँले मान्ने धार्मिक आस्थाका देवगणहरुले प्रशस्त उन्नति-प्रगति, सुस्वास्थ, सुख शान्ति समृद्धि प्रदान गरुन भन्ने शुभकामनाका साथ आफनो शब्द टुङ्ग्याउँदछु।

धन्यवाद, जयलक्ष्मी जयसहकारी

निलराज आत्रेय

अध्यक्ष

# सञ्चालक समितिको तर्फबाट सचिवद्वारा प्रस्तुत प्रतिवेदन

## सातौं बार्षिक साधारण सभा २०७९ भदौ २५ गते शनिबार

**आदणीय शेयदस्यज्यूहरु,**

**सहकारीको ऐतिहासिक पृष्ठभूमि**

कोरोना महामारीको सन्त्रास, राष्ट्रिय आर्थिक नकारात्मक चलायमानका बिच सदस्यहरुको अगाध माया, सकृय साथ र सहकार्यको फलस्वरुप आ.व.०७८/७९ मा सदस्यता एवं कारोबार अभिवृद्धि सहित संस्थागत लक्ष्य उद्धेश्यमा लगाडि बढ्न सफल हाम्रो जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था ली., पोखरा, कास्कीको गरीमामय सातौं वार्षिक साधारण सभामा समुपस्थित सभाका सभाध्यक्ष एवं संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, आमन्त्रित अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, बर्तमान एवं पूर्व अध्यक्षज्यूहरु, पूर्व सञ्चालक समितिका पदाधिकारी एवं सञ्चालकज्यूहरू, लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, पत्रकार मित्रहरु एवं सम्पूर्ण शेयर सदस्यज्यूहरु, संस्था स्थापनाकालीन सदस्य साथीहरु तथा सदस्यका परिवारजनहरु एवं आमन्त्रित विभिन्न सहकारी, बैंक, संघसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, दुबै कार्यालयमा अहोरात्र खट्नुहुने कार्यालय प्रमुख लगायत सम्पूर्ण कर्मचारीवर्गहरु,

सहकार्यमा ई प्रत्यय लागेर बनेको सहकारीको सुरुवात ढुङ्गे युगको अन्त्यसँगै कृषि युगको सुरुवातीबाट भएको मानिन्छ। जतिबेला कृषि युगको सुरुवात भयो मानिसहरु समूह बनाएर बस्ने र समूह बनाएर काम गर्ने योजना बनाए। त्यतिबेला समूह बनाएर काम गर्दा निकै सुरक्षित मानिन थालियो। अनि सामूहिक कामको थालनी भयो र विस्तारै विश्व समाज आधुनिकीकरणतर्फ उन्मुख हुन थाल्यो तर पनि सामूहिक सहकार्यलाई छोडेन सकेन। अहिले त्यसकै पृष्ठभूमिमा टेकेर सहकारीको स्थापना भएको स्पष्ट देखिन्छ।

सहकारीको ऐतिहासिक पृष्ठभूमिलाई अध्ययन गर्दै जाँदा स्पष्ट एकिन मिति प्राप्त नभए पनि यसको सुरुवात भने सन १८४४ मा बेलायत बाट भएको मानिन्छ। तर नेपालको ऐतिहासिक पृष्ठभूमि त्यति लामो देखिंदैन। नेपालमा सहकारीको अवधारणा जहिले जसरी बने पनि पहिलो सहकारी भने वि.स. २०१३ चैत २० मा चितवनको बखानपुर बहुउद्धेश्यीय सहकारीबाट भएको र यही सहकारीबाट विस्तारै नेपालमा सहकारीले गति लिएको मानिन्छ।

**जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना**

ऋगबेदको ४७/१२ मा एउटा श्लोक छ-सुविर्यस्य पतयः स्याम। अर्थात हामी उत्तम बलका मानिस बनौं वा हामी सबैले उत्तम सामर्थ्यले पूर्ण भएर रहनुपर्छ। यही अवधारणामा टेकेर हाम्रो सहकारीको स्थापना भएका हौं। नेपालको सुन्दर नगरी पोखरा, प्रकृतिको सुन्दर छटा तालैतलाको शहर त्यसमा पनि फेवातालमा

अनि त्यही फेवातालमा निरवस्त्र पौडने माछापुच्छे हाम्रा अमूल्य सम्पत्ति हुन् । तालबाराही बिन्दबासिनी, भद्रकाली, अकलादेबी एवं स्वयम् लक्ष्मी माताले सबैलाई आशिर्वाद दिन तल्लिन देखिन्छ । महेन्द्रगुफा चमेरेगुफा, गुप्तेश्वर गुफा आमाका गर्भ हुन् भने काली र सेती दुबै दुधका धारा हुन । यही सुन्दर नगरीमा हाम्रो सहकारीको स्थापना भएको हो । वि.सं २०६९ मा मेचिमहाकाली दिदीबहिनी समूहको नामले स्थापित अष्टलक्ष्मी सहकारी, २०७२ सालमा कृषि सहकारकीको रुपमा स्थापित भई २०७७ सालमा प्रकृति परिवर्तन भई बचत तथा ऋण सहकारी भएको साथै २०७६ सालमा स्थापित मुक्ति बहुउद्देश्यीय सहकारी मिली बनेको एउटै संस्था हो, जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड ।

संयुक्त राष्ट्र संघद्वारा पारित नारा “स्वतन्त्रताका लागि स्वावलम्बन, समुन्नतिका लागि पारस्परिकता र दुबैका लागि सहकार्यता” भन्ने मूल नारालाई सम्मान गरी हाम्रो सहकारीको स्थापना भएको हो । जीवन भोगाइका अनुभवको अधिकतम सदुपयोग गर्दै पक्षपातरहित, रिसराग द्वेषरहित मार्गनिर्देश एवं समयानुकुल सल्लाह सुझाव प्रदान गर्दै नीति, विधि र प्रविधि सहितको एउटा सबल, सफल, उत्कृष्ट सहकारी निर्माण गर्दै चुस्त दुरुस्त एवं पारदर्शी व्यवस्थापन गर्दै राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा परिचित सहकारी सञ्चालन व्यवस्थापन गर्न गराउन हरदम सकारात्मक प्रेरणा एवं उर्जाका साथ संरक्षकत्व प्रदान गर्नुहुने शैक्षिक, धार्मिक एवं सामाजिक अभियन्ता हाम्रा आदरणीय संरक्षक बुवा लायन गोबिन्दबहादुर क्षत्रीलाई एवं शारिरिक अस्वस्थाका विच संस्था स्थापनाको चरणमा अहोरात्र खटेर गुरुङ्ग समुदायलाई संस्थामा भित्र्याउन अथक प्रयास एवं मेहनत सहित संस्थागत साख कायम राख्न सकृय साथ सहकार्य गर्ने उपसमिति सदस्य लिलकुमारी गुरुङ्गलाई गत वर्ष हामीले दुःखद रुपमा गुमाउन पुगे पनि उहाँहरुको सपना साकार पार्दै सहकारी ऐन नियमावली अनुरुप सहज सदस्य सेवा प्रदान गर्दै अब्बल सहकारी निमार्ण गर्न हामी कटिवद्ध छौं ।

संस्थाको सातौं बार्षिक साधारण सभामा यहाँहरु सम्पूर्ण शेयर सदस्यज्यूलाई हार्दिक स्वागत गर्दै आसन्न विभिन्न धार्मिक रीतिरिवाज अनुसारका चाडपर्वहरुको पावन अवसरमा यहाँहरु सबैमा सुख, शान्ति एवं समृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं । यहाँहरु सबैको सकृय साथ सहकार्यबाट संस्थागत कारोबार करिब ५ करोड वृद्धि सँगसँगै उल्लेख्य मुनाफा एवं २८६ जना सदस्य संस्थामा थप गर्न हामी सफल भएका छौं । यहाँहरुको सकृय साथ सहकार्यबाट सदस्य एवं कारोबारको हिसाबले हामी अब्बल भएका छौं । पोखराको मुटु महेन्द्रपूल नजिकै रानिपौवामा १ प्रधान कार्यालय एवं लामाचौरमा १ सेवाकेन्द्रबाट हामीले सदस्य सेवा प्रदान गरीरहेका छौं भने यसै आ.व २०७९/८०को पहिलो त्रैमासमा सार्दीखोलामा सेवाकेन्द्र सञ्चालन गर्दै छौं । सार्दीखोला सेवाकेन्द्रलाई संस्थाको कार्यालय भन्दा पनि परियोजनाको सम्पर्क केन्द्रको रुपमा विकास गर्दै संस्थागत जग्गामा परियोजना सञ्चालन व्यवस्थापन गर्दै नमूना सहकारी निर्माण गर्ने एवं नियमक निकायको अनुमति लिएर यस आ.व. मा पर्वत, स्याङ्जा र तनहुँमा कार्यक्षेत्र विस्तार गर्ने तथा पोखराको लेखनाथ सहित विस्तारित जिल्लामा १/१ सेवाकेन्द्र थप गरी सदस्य सेवा विस्तार गर्ने लक्ष्य लिएका छौं । सदस्यको बचत फिर्ता गर्न नसकेको वा सञ्चालकले सदस्यलाई अधिक लाभांश प्रदान गर्न ऐन विपरित कार्य गर्दै संस्था नै धराशायी भएका जस्ता नकारात्मक सन्देश दैनिक जसो प्रवाह भई रहेको हालको अवस्थामा आर्थिक पारदर्शीता, चुस्त दुरुस्त व्यवस्थापन, नीति, विधि र प्रविधियुक्त दिगो एवं दीर्घकालिन लाभ दिने गरी हामीले सेवा प्रदान गरीरहेका छौं । तत्कालको मुनाफाको हिसाबले हामी अन्य छिमेकी सहकारी संस्थाभन्दा

कमजोर देखिए पनि सदस्य सेवा, ऐन नियम एवं व्यवस्थापनको हिसाबले हामी अन्य सहकारी भन्दा सबल एवं सक्षम बन्न एवं सदस्यको शेयर बचत एवं अन्य सहकारी सेवा प्रदानमा अब्बल बन्न कटिवद्ध छौं । गत वर्षदेखि नै हाम्रो जयलक्ष्मीले प्रविधिमैत्री रुपमा आफ्ना गतिविधि अगाडि बढाइरहेको छ । संस्थाले ATM Banking, SMS Banking, Mobile Banking, QR Code सेवालाई थप परिस्कृत एवं परिमार्जित रुपमा सेवा प्रदान गरीरहेको भएपनि सदस्यले पूर्ण रुपमा लाभ लिन नसकेको अनुभूत गरी संस्थामा बजार प्रवर्द्धन विभागको व्यवस्थापन सहित कर्मचारी व्यवस्थापन गरी संस्थाको सबै सेवा सुविधा सबै सदस्यको पहुँचमा पुऱ्यादै सबै सेवाहरु उपभोग गरी लाभ लिने व्यवस्था मिलाउदैं छौं । अन्य सहकारीहरुसँग सहकार्य गर्दै परिस्कृत एवं विस्तारित सेवा प्रदान गर्न एवं सदस्यलाई घरघरमा सहज सहकारी सेवा प्रदान गर्न आ.व. ०७८/७९ बाट बजार सहकायक कर्मचारीहरु व्यवस्थापन गरी सेवा प्रदान गरीरहेका छौं । अनुभवी व्यवस्थापन टिम सहित संस्थामा विभिन्न विभागहरु व्यवस्थापन गर्दै दक्ष कर्मचारी हरु, चुस्त दुरुस्त एवं पारदर्शी व्यवस्थापन सहित सहज एवं सर्वशुलभ सहकारी सदस्य सेवा प्रदान गर्दै आएका छौं। गत वर्षबाट नै संस्थागत सम्पत्ति, कर्मचारी, सदस्यहरु एवं सदस्यहरुको बचत तथा अन्य कारोबारको सुरक्षणको लागि दुबै कार्यालयहरुमा सि सि क्यामेरा जडान गरिएको छ भने १/१ जना सुरक्षा कर्मचारीको व्यवस्थापन गरिएको छ ।

**आदणीय शेयदस्यज्यूहरु,**

३ वटा सहकारी एकिकरण पश्चात गत ०७८ पौष ९ गते सम्पन्न संस्थाको छैटौं साधारण सभाबाट ४ वर्षे कार्यकाल रहने गरी नयाँ सञ्चालक एवं लेखा सुपरिवेक्षण समिति गठन भई हामीलाई संस्था सञ्चालन व्यवस्थापनको जिम्मेवारी प्रदान भएकोमा यहाँहरु तमाम शेयर सदस्यहरुप्रति हार्दिक आभार एवं नमन व्यक्त गर्दछौं । कोरोना महामारीको सन्त्रास, राष्ट्रिय तरलता अभावको कारण हामीले सोचे अनुरुप संस्थागत कारोबार एवं सहकारी सेवा प्रदान गर्न गराउन नसके पनि सहकारी ऐन नियमावलीको परिधिभित्र रहेर संस्थाको स्वीकृत बिनियम तथा सो मातहत विभिन्न नीति, कार्यविधिहरु तयार गरी नीति विधि र प्रविधियुक्त एवं चुस्त दुरुस्त एवं सुव्यवस्थित सहकारी सञ्चालन व्यवस्थापन गर्ने अभियान मार्फत सदस्यहरुलाई सकृय सहभागिता गराई सदस्यको आर्थिक, नैतिक एवं सामाजिक उन्नयन गर्ने प्रयास गरीरहेका छौं । सहकारी ऐन र सरकारको नीति अनुरुप दोहोरो सदस्यताको आवश्यक पहल गरीरहेका छौं भने सहकारी एकिकरणको ढोका खुल्ला राखेर विभिन्न सहकारीहरुसँग छलफल परामर्श अगाडि बढाइरहेका छौं । बचत तथा ऋण कारोबारले मात्रै संस्थागत विकास एवं सदस्यलदाई लाभ प्रदान गर्न नसकिने भएकोले सदस्य हितकारी विभिन्न आयमुलक एवं उत्पादनमुलक परियोजना सञ्चालन व्यवस्थापनमा हामी अझै बढी सकृय रहनुपर्ने तर्फ हामीले पूर्ण सचेतता सहित गतिविधि अगाडि बढाइरहेका छौं ।

सहकारी ऐन नियम बमोजिम विभिन्न सहकारीहरु एकिकरण गरी सहकारीको संख्या घटाउदैं असंख्य सदस्यहरु एवं बृहद कारोबार गर्ने ठूला सहकारीहरु निर्माण गर्ने भनिए पनि व्यवहारिक रुपमा धेरै सहकारीहरु एकिकरण नभएको साथै धेरै सहकारीहरु स्थापना भइरहेको हालको अवस्थामा अन्य पकृतिका धेरै सहकारीहरुसँग सकारात्मक साथ सहकार्य गर्दै सहकारी ऐन नियमको पूर्ण पालना सहित केवल नाफामुखी नभई सदस्य सेवा केन्द्रीत रहेर ०७९ असार मसान्तसम्म करिब ४३ करोड एवं श्रावण मसान्त सम्म आइपुग्दा बाह्य ऋणको थप २ किस्त भुक्तानी गरी ४२ करोड भन्दा माथि वासलात/कारोबार, सुव्यवस्थित कार्यालय,

चुस्त दुरुस्त एवं पारदर्शी व्यवस्थापन सहित सहकारी अभियानमा ईटा थप्ने प्रयासमा धेरै कामहरु गरीरहेका छौं भने आगामी आ.व. ०७९/८० मा ७० करोडभन्दा माथी वासलात/कारोबार पुऱ्याउने लक्ष्य सँगसँगै लिएका छौं । नियमित कारोबार सँगसँगै संस्थाले यस वर्ष गरेका आर्थिक कारोबारको बारेमा संस्थाको कोषाध्यक्षको प्रतिवेदन मार्फत विस्तृत जानकारी प्राप्त गर्न सक्नुहुनेछ भने आीर्थक कारोबार सँगसँगै संस्थागत रुपमा यस वर्ष सम्पन्न गरीएका केही अनुकरणीय कार्यहरुलाई बुँदागत रुपमा प्रस्तुत गरी यहाँहरुलाई जानकारी गराउने अनुमति चाहन्छौं ।

१। संस्थागत सुशासन आर्थिक एवं पारदर्शितालाई मध्यनजर गर्दै संस्थाको लेखा सुपरिवेक्षण समितिको सिफारिसमा अनुभवी चार्टर्ड एकाउन्टेन्टस् आदर्श एण्ड एसोसियट्स् सि ए आदर्श श्रेष्ठ (Aadarsha & Associates Chartered Accountants, C.A Aadarsha Shrestha) मार्फत अर्धवार्षिक रुपमा संस्थाको सुक्ष्म आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन लिने र सो प्रतिवेदनबाट प्राप्त सुझाव अनुसार दैनिक कार्यसम्पादन गर्ने गरिएको छ ।

२। मित्तल एण्ड एसोसियट्स्, चाटर्ड एकाउन्टेन्टस् प्रितम मित्तल (Mittal &Associates Chartered Accountants, C.A Pritam Mittal) मार्फत यस आ.व. ०७८/७९ को बाह्य लेखापरीक्षण गरी यहाँहरु समक्ष कोषाध्यक्ष मार्फत छलफल एवं अनुमोदनका लागि पेश गरिएको व्यहोरा सगर्व जानकारी गराउँदछौं ।

३। सहकारी ऐन नियमको परिपालना गर्दै गत संस्थाको स्वीकृत बिनियम एवं गत साधारण सभाबाट पारित नीति कार्यविधिहरु क्रमशः लागू गर्दै आएका छौं भने अन्य आवश्यकता अनुसार थप नीति कार्यविधिहरु तयार गरी अनुमोदन तथा लागू गर्न साधारण सभामा पेश गर्दै अध्ययन गर्न चाहने सदस्यले संस्थामा बसेर अध्ययन गर्ने व्यवस्था मिलाएका छौं ।

४। संस्था सञ्चालन व्यवस्थापन एवं दैनिक सहज सदस्य सेवाको लागि मासिक रुपमा समितिको नियमित बैठक बसेर संस्थागत कारोबार समिक्षा एवं छलफल गर्दै आएका छौ भने लेखा सुपरीवेक्षण समितिको चौमासिक बैठक बसेर संस्थागत गतिविधी अनुगमन मुल्याङ्कन सहित सुझाव लिएर सदस्य सेवा प्रदान गरीरहेका छौ । सदस्यको ऋण मागलाई मध्यनजर गर्दै हरेक दोश्रो र चौथो बुधबार ऋण उपसमितिको बैठक बस्ने एवं आवश्यकता अनुसार अन्य उपसमितिको बैठक बसेर आर्थिक पारदर्शीता सहित संस्थागत सुसञ्चालन व्यवस्थापन गर्न आ.व. ०७८/७९ मा तपसिल बमोजिम बैठक बसेर हामीले संस्थागत सदस्य सेवा कार्यसम्पादन गरेका थियौं । चालु आ.व. ०७९/८० मा समिति, उपसमिति हरु सकृय रहेर थप विस्तारित एवं परिस्कृत सदस्य सेवा सहित संस्थागत लक्ष्य हासिल गर्न गराउन प्रयासरत रहने छौं ।

तपसिल :-

| | | |
|---|---|---|
| १. | बार्षिक साधारण सभा | : १ पटक |
| २. | सञ्चालक समितिको बैठक | : १३ पटक |
| ३. | लेखा सुपरिवेक्षण समितिको बैठक | : ४ पटक |
| ४. | ऋण उपसमितिको बैठक | : १७ पटक |

| | | |
|---|---|---|
| ५. | शिक्षा तालिम तथा सूचना उपसमिति | : १ पटक |
| ६. | महिला सशक्तिकरण तथा नेतृत्व विकास उपसमिति | : १ पटक |
| ७. | श्रोत प्रवद्धन उपसमिति | : १ पटक |
| ८. | केन्द्रीय परिषद | : १ पटक |
| ९. | समिति, उपसमिति, सल्लाहकार पूर्ण बैठक | : २ पटक |
| १०. | पदाधिकारी बैठक | : १ पटक |
| ११. | कर्मचारी बैठक (संयुक्त) | : १२ पटक |

५। यस आ.व मा शेयर सदस्य संख्या २८६ बाट बढाएर १,५७० पुर्‍याइएको छ जसमा ९३४ महिला सदस्य तथा ६३६ पुरुष सदस्य रहेका छन् भने चालु आ.व. ०७९/८० को श्रावाण मसान्तसम्म ७८९ महिला सदस्य एवं ६४८ पुरुष सदस्य गरी १,४३७ सदस्य पुगिसकेको र यस आ.व. को अन्त्यसम्ममा सदस्य संख्या २,२०० भन्दा माथि पुर्‍याउने लक्ष्यमा यहाँरुको अवश्य नै सकृय साथ रहने अपेक्षा गरेका छौ।

६। एकिकृत एवं विस्तारित हाम्रो संस्थामा कर्मचारी व्यवस्थापनको लागि संस्थामा विभिन्न विभाग व्यवस्थापन गर्दै राष्ट्रिय पत्रिकामा कर्मचारी आह्वान गरी अन्तर्वार्ता मार्फत कर्मचारी व्यवस्थापन गरि एको छ। कर्मचारी नियुक्ती गर्दा संस्थाले सम्भव भएसम्म सदस्य वा सदस्यको परिवारबाट कर्मचारी व्यवस्थापन गर्ने नीति अपनाएका छौं। सहज, शुलभ सदस्य सेवा, चुस्त दुरुस्त एवं संस्थागत कारोबार पारदर्शी आर्थिक रुपमा व्यवस्थापन गर्न गत साधारण सभाबाट पारित मानव संसाधन व्यवस्थापन नीति अनुरुप हाल तपशिल बमोमिज १६ जना स्थायी कर्मचारी एवं शुक्लागण्डकी सेक्युरिटी सर्भिस एण्ड सोलुसन कम्पनी प्रा. लि. मार्फत २ जना सुरक्षा कर्मचारी गरी १९ जना कर्मचारी मार्फत दैनिक सेवा व्यवस्थापन गरिएको छ।

**तपसिल** :-

| क्र.स. | पदक्रम | प्रधान कार्यालय | लामाचौर सेवाकेन्द्र | जम्मा कर्मचारी |
|---|---|---|---|---|
| | प्रमुख कार्यकारी अधिकृत | १ जना | | १ जना |
| | अधिकृत | १ जना | १ जना | २ जना |
| | बरिष्ठ सहायक | | १ जना | १ जना |
| | कार्यालय सहायक | ३ जना | २ जना | ५ जना |
| | कनिष्ठ सहायक | १ जना | १ जना | २ जना |
| | बजार सहायक | ३ जना | २ जना | ५ जना |
| | कार्यालय सहयोगी | १ जना | | १ जना |
| | सुरक्षा कर्मचारी | १ जना | १ जना | २ जना |
| | जम्मा | १० जना | ८ जना | १९ जना |

७। संस्थागत सुशासन एवं आर्थिक पारदर्शिता सहित संस्थाका उपाध्यक्ष श्री यादबप्रसाद अधिकारीको संयोजकत्वमा कोषाध्यक्ष श्री सुरेश के.सी. तथा लामाचौर सेवाकेन्द्र संयोजक श्री गेहेन्द्रमान श्रेष्ठ सदस्य रहेको सार्वजनिक खरिद तथा डेकोरेशन उपसमिति मार्फत संस्थागत दुबै कार्यालय एवं सार्दीखोला सेवाकेन्द्रमा आकर्षक कार्यालय डेकोरेशन गरिएको छ।

८। संस्थाको आर्थिक प्रशासन नीतिको परिधिभित्र रहेर संस्थाका लागि आवश्यक फर्निचर, कम्प्युटर उपकरणहरु, भल्ट, फाइलिङ्ग क्याविनेटहरु, छपाई एवं मसलन्द सामाग्रीहरु लगायत आवश्यक अन्य सामाग्रीहरु एवं संस्थागत खर्चहरु सार्वजनिक खरिद उपसमिति मार्फत कोटेशन/टेण्डर गराई सम्भव भएसम्म संस्थाका सदस्यहरुसँगबाट खरिद गरी संस्थागत सहकार्य एवं कार्य प्रोत्साहन गर्दै आएका छौं।

९। कोरोना महामारीको सन्त्रासका विच सदस्य सेवाको लागि समिति कर्मचारी स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई सुरक्षित रुपमा सकृय रहँदै बचत तथा ऋण सेवा प्रदान गरिएको थियो जसको कारण संस्थागत ऋण लगानी सँगसँगै कारोबारमा वृद्धि भएको व्यहोरा जानकारी गराउदछौं।

१०। नियमित बचत एवं सदस्य सकृय कारोबारको अभावका बाबजुद राष्ट्रिय सहकारी बैंकबाट रु ५ करोड ९१ लाख तथा RMDC लघुवित्त संस्था, काठमाडौंबाट १० करोड विना धितो ऋण लिएर शुलभ दरमा ऋण प्रदान गरीरहेका थियौं तथापि हालको बजारको अस्त व्यस्ताको कारण आएको व्याजदरको उतारचढावले गर्दा थोक ऋण प्रदायक संस्थाले हाम्रो ऋणको व्याज क्रमशः वृद्धि गर्दै लगे सँगसँगै हामीले पनि सदस्यको ऋणको व्याज बाध्यात्मक रुपमा बढाएका छौं। व्याजदरमा सदस्यलाई परिरहेको नकारात्मक असर कम गर्न विकल्प खोजिरहेका छौं।

११। सदस्यसँग शेयर प्रिमियम, अधिक शुल्क व्याज लिएर अधिक लाभांश दिने अन्य सहकारी जसरी हामी अगाडि बढेका छैनौं। हामीले कारोबारी वा अन्य सदस्य नभनी सबै सदस्यहरुको समानता एवं सकृय सहभागितामा सहकारी सेवा प्रदान गर्दै नीति विधि र प्रविधिमा कटिवद्ध रहँदै सदस्यलाई अधिक सहकारी सेवा, नियमित कारोबार गर्ने सदस्यलाई संरक्षित पूँजी फिर्ताकोष मार्फत अधिक लाभ प्रदान गर्न एवं संस्थागत कारोबार अनुसार नियमसंगत शेयर लाभांश दिन प्रयासरत छौं।

१२। स्वेच्छिक तथा खुला सदस्यको सिद्धान्तलाई शिरोपर गरी संस्थामा आ. व. २०७८/७९ मा लामाचौर सेवाकेन्द्रमा २०६ जना एवं प्रधान कार्यालयमा २९१ जना गरी ४९७ जनालाई सदस्यता प्रदान गरि एको थियो। लामाचौर सेवाकेन्द्रमा ५१ जना एवं प्रधान कार्यालयमा १४ जना सदस्यल् सदस्यता त्याग गरेका थिए भने १४६ जना गरी बाल शेयर सदस्य एवं कारोबारी सदस्यको सदस्यता खारेज गरि एकोमा आ.व. २०७८/७९ मा संस्थामा कुल २८६ जना नयाँ सदस्य थप भएका छन्

सबै सदस्यहरुको समान शेयर कायम भइनसकेको बर्तमान अवस्थामा पर्ल्स अनुसार शेयर बढी भएकोले शेयर घटाउने, बचत, ऋण अन्य कारोबार बढाउने तर्फ बढी सजग भएर कार्य सम्पादन गरे अनुरुप गत वर्ष भन्दा आ.व. ०७८/७९ मा रु १३,९१,५००।-शेयर घटेको छ, बचत रु २,१६,४४,८६४।१३, ऋण रु.११,३०,२१,६३६।६७ एवं वासलात रु.४,५९,७८,०८२।४३ ले वृद्धि भएको छ।

सरकारले लागू गरेको सन्दर्भ व्याजदरको सीमाभित्र रहेर नै हामीले लिने र दिने व्याजदर वीचको

औसत ५.७८ प्रतिशत राखेर कर्जा सापटीमा औसतमा १५.५३ प्रतिशत तथा निक्षेप दायित्वमा ९.७५ प्रतिशतमा सेवा प्रदान गरीरहेका छौ । सहकारी मार्फत आत्मनिर्भरता भन्ने हाम्रो मूल नारा एवं सहकारी ऐन नियम बमोजिम सदस्यलाई बचतमा अधिक व्याज तथा ऋणमा न्युन व्याज सुविधा दिने नीति अनरुप आगामी दिनमा सबै सदस्यलाई उत्पादनमुलक तथा आयमुलक उद्योग, व्यवसाय गरी प्रोत्साहन गर्ने तथा सोको विउपूँजीको रुपमा संस्थाले एक अंकको व्याजदरमा ऋण सुविधा उपलब्ध गराउने लक्ष्यका साथ अगाडि बढेको भए पनि राष्ट्रिय तरलता अभावको हालको अवस्थामा बैंक वित्तिय संस्थाले बचत तथा ऋणको व्याजदर परिमार्जन गरे अनुरुप हामीले लक्ष्य अनुरुप सेवा प्रदान गर्न सकेनौं ।

**संस्थाको ऋण लगानी सम्बन्धी विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।**

## कर्जा/ऋण शिर्षक

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जयलक्ष्मी कृषि ऋण | जयलक्ष्मी व्यापार व्यवसाय ऋण | जयलक्ष्मी शैक्षिक ऋण | जयलक्ष्मी हायरपर्चेज ऋण | जयलक्ष्मी व्यक्तीगत ऋण | जयलक्ष्मी आकस्मिक ऋण | जयलक्ष्मी स्मार्ट ऋण | जयलक्ष्मी सौर्यउर्जा ऋण | जयलक्ष्मी आवास ऋण | आवधिक बचत धितो ऋण |

### ऋण सीमा एवं व्याजदर

| क्र.स. | ऋण रकम सीमा | व्याजदर |
|---|---|---|
| १ | १ करोड सम्म | १३%–१६% |
| २ | १ करोडदेखि माथि | १३%–१५% |
| ३ | १ करोड देखि माथी किस्ताबन्दी | ११% |

१. ऋणको समयावधी हालसम्मको सदस्यको अत्यावश्यकता अनुसार आकस्मिक ऋण बढीमा २ महिनासम्म, व्याज मात्रै भुक्तानी गर्ने ऋण बढीमा १ वर्षसम्म, एवं किस्ताबन्दी ऋण बढीमा १० वर्ष सम्म भुक्तानी गर्ने गरी सेवा प्रदान गरीरहेका छौं भने व्यवस्थापन शुल्क पनि ०.२५%-१% लिने गरेका छौं ।

२. सदस्यलाई ऋण प्रदान गर्दा ५ लाख सम्मको ऋण लगानी मा ऋण आवेदन शुल्क रु. ५००।- लिइने छ भने ऋणी सदस्यले साधारण बचत खातामा न्युनतम बचत रु २,०००।- राख्नुपर्नेछ भने ५ लाख माथिको ऋण लगानी मा ऋण आवेदन शुल्क रु.१,०००।- तथा न्युनतम बचत रु. ५,०००।- राख्नुपर्ने व्यवस्था गरेका छौं ।

३. कृषि परियोजना दर्ता गरी व्यवस्थित सञ्चालन गरेका न्यून आय भएका सदस्यको आर्थिक उन्नयनका लागि ५ लाख सम्मको सानो कृषि ऋण सुविधामा व्याजदर १० प्रतिशत मात्रै कायम गरिएको छ भने व्यवस्थापन शुल्क पनि ०.२५%-१% कायम गरिएको भए पनि हालसम्म कुनै पनि सदस्यले उक्त सुविधा लिनुभएको छैन ।

४. सबै सदस्यको समानता कायम गर्न सहकारीले पहल गर्नुपर्ने भए अनुरुप सदस्यता प्रवेश तथा कारोबारमा हामीले खुल्ला एवं समानता गरे पनि सदस्य एवं परिवारको आर्थिक कारोबार नियमितता एवं बचत तथा तरलता व्यवस्थापनलाई मध्यनजर गरी १ करोड भन्दा माथि ऋण लिएर नियमित

किस्ता व्याज कारोबार गर्ने सदस्यलाई अन्य ऋणी सदस्यको भन्दा व्याजदरमा केही छुट दिने गरेका छौं ।

५. राष्ट्रिय तरलता अभावको हालको अवस्थामा बिना धितो ऋण प्रवाह रोक्नुपर्ने तथा सबै ऋण किस्ताबन्दी अनिवार्य गर्न गराउन व्यवस्थापनले कडाईका साथ कार्यसम्पादन गरीरहेको छ भने गत बर्ष जसरी नै सबै ऋणहरुमा तपशिल बमोजिम मासिक किस्ता कायम गरिएको छ ।

| ऋण रकम रु | | मासिक साँवा/किस्ता (कम्तीमा) |
|---|---|---|
| १. | रु ३ लाख सम्म | रु ५,०००।- |
| २. | रु ३ लाख देखि १० लाख सम्म | रु १०,०००।- |
| ३. | रु १० लाख देखि २० लाख सम्म | रु २०,०००।- |
| ४. | रु २० लाख देखि माथि | रु २५,०००।- |

६. नेपाल सरकार सहकारी विभागको सन्दर्भ व्याजदरको परिधीभित्र रहेर सदस्यले लिएको ऋणको साँवा/किस्ता रकम भुक्तानी सम्बन्धमा हरेक त्रैमासिक रुपमा ऋण असुली विश्लेषण गरी व्याजदर परिमार्जन/समायोजन गर्ने व्यवस्था मिलाइएको छ । नियमित मासिक/त्रैमासिक साँवा/किस्ता नतिर्ने ऋणी सदस्यलाई त्रैमासिक कारोबार विश्लेषण गरी संस्थाको ऋणको अधिकतम प्रतिशत व्याज असुली सँगसँगै संस्थागत अन्य लाभकारी सेवाहरु कटौती व्यस्थापन गर्दै तथा नियमित कारोबार गर्न प्रोत्साहन गर्ने कार्यारम्भ गरिएकोले सबै ऋणी सदस्यले संस्थामा सम्पर्क गरी ऋण कारोबार नियमित गरी लाभ लिनु हुन यसै साधारण सभा मार्फत जानकारी सहित अनुरोध गरीन्छ ।

७. गत बर्ष झैं ऋणी सदस्यको कागजात पुगेको ३ देखि ७ दिन भित्रमा ऋणको प्रकृति, संस्थागत तरलता हेरी प्रदान गर्ने व्यवस्था गरेका छौं । ऋण लगानी तथा असुलीको लागि व्यक्ति केन्द्रीत रहँदा संस्था दुर्घटनामा पर्न जाने तर्फ हामी समिति तथा संस्था व्यवस्थापन अत्यन्त सहज रहेको तथा ऋण व्यवस्थापन नीति २०७७ एवं ऋण असुली नीति २०७७ अनुसार कार्यसम्पादन गरिरहेका छौं, यसरी ऋण व्यवस्थापन गर्दा सदस्यलाई असहजता भएको भएमा कार्यालयमा सम्पर्क गरी नीतिहरु अध्ययन गरी आवश्यक सुझावको लागि अनुरोध छ ।

८. मासिक किस्ता नतिर्ने सदस्यबाट संस्थाले कर्जामा अधिकतम व्याज (१६%) असुल उपर गरिएको छ ।

९. गत वर्ष जसरी नै संस्थामा आवधिक बचत गर्ने सदस्यलाई माग गर्ने वित्तिकै आवधिक बचत रसिद धितो राखी बचत रकमको ९० प्रतिशत सम्मको रकम बचतको ब्याजदर भन्दा २ प्रतिशत व्याज थप गरी आवधिक बचत धितो ऋण प्रदान गर्ने नीति लिइएको छ ।

१०. विना धितो ऋण सकेसम्म न्युनिकरण गरीनेछ भने ऋण लिने सदस्यले संस्थामा लिने ऋण रकमको न्युनतम ५% सम्म शेयर खरिद गरेको हुनुपर्ने छ भने १ जना पारिवारिक जमानत एवं १ जना संस्थाले विश्वास गरेको सुपरिचित व्यक्तीलाई जमानत अनिवार्य गरेका छौं ।

११. धितो जमानत ऋण एवं पुरानो सवारी साधनमा ऋण लगानी गर्दा एवं १० लाख भन्दा माथिको

ऋण लगानी गर्दा संस्थागत सुरक्षण हेतु समितिबाट निर्णय गरी तपशिलका ईन्जिनियर मार्फत धितो मुल्याङ्कन गरी ऋण लगानी गर्ने व्यवस्था गरिएको छ।

| क्र.सं | कन्सल्टेन्सीको नाम | ठेगाना | पान नं | दर्ता |
|---|---|---|---|---|
| १ | ए टु जेड इन्जिनियरीङ कन्सल्टेन्सी | पोखरा १९, लामाचौर | ६०७४४६००१ | १३४७१/०७४/०७५ |
| २ | अडेप्ट एण्ड रेन्फोर्स्ड एज टेक्नोलोजी ईन्जिनियरिङ्ग कम्पनी प्रा. लि. | पोखरा १६, लामाचौर | ३०५५९०१५४ | १०६३०५/०६९/०७० |
| ३ | इमोर्टल इन्जिनियरीङ कन्सल्टेन्सी | पोखरा १९, लामाचौर | ६०७४४६१६ | १३४७२/०७४/०७५ |
| ४ | सगरमाथा इन्जिनियरीङ कन्सल्टेन्सी | पोखरा तालचोक | ३०२६४४७११ | ५५३०/०६३/०६४ |
| ५ | बहिस्त इन्जिनियरीङ कन्सल्टेन्सी | पोखरा २५, याम्दी | ६१६९९५३१० | २१४१३/०७८/०७९ |
| ६ | अर्वान इन्फाइस्टकचर डेवलपमेन्ट कन्सल्टेन्सी | पोखरा ५, प्रस्याँङ | ११९१९४९९९ | ५६६४/०६४/०६५ |

१३। संघीय, प्रदेश र स्थानीय सहकारी ऐन नियम बमोजिम बिभिन्न दोहोरो सदस्यता अन्त्यका लागि पहल गरीरहेका छौं । उत्कृष्ट एवं ठूला सहकारी निर्माणका लागि विभिन्न सहकारी एकिकरण/मर्जरमा जानुपर्ने सरकारी नीतिको अनुसरण गर्दै हामीले गत वर्ष नै ३ वटा सहकारी एकिकरण भइ विस्तारित सेवा प्रदान गरीरहेका छौं । लक्ष्य उद्धेश्य मिल्ने र कारोबार व्यवस्थापनमा सहजता हुने अन्य २-४ सहकारीहरुसँग एकिकरणको लागि छलफल परामर्श गरीरहेका छौं ।

१४। विगत वर्षमा जसरी नै समुदायप्रति चासो राख्दै संस्थाको बार्षिकोत्सवको सुअवसरमा लायन्स क्लब अफ पोखरा जयलक्ष्मी एवं लायन्स क्लब अफ पोखरा मेट्रो सिटीसँग सहकार्य गर्दै रक्तदान कार्यक्रम आयोजना गरिएको तथा यसलाई आगामी बर्षहरुमा पनि निरन्तरता दिने तथा बार्षिकोत्सवको अवसरमा गरीने विभिन्न सामाजिक सहकार्य/सहयोग कार्यक्रम यस बर्ष नगरीए पनि आगामी बर्ष आवश्यकता अनुसार निरन्तरता गरीने छ।

१५। सदस्यलाई रेमिट सेवा प्रदान गर्न विभिन्न विश्वसनिय रेमिट कम्पनीसँग सहकार्य गर्दै Western Union, IME, Himal, Prabhu, CityExpress, Moneygram, GME, Sulav, JME, Boom Remit, United Remit, Siddartha Remit, Mega, Prithvi, Hulas, Century, Samsara, Reliable, Ipay, Panos Remit लगायत धेरै रेमिट सेवा उपलब्ध गराइ रहेका छौं ।

१६। गत वर्षबाट नै सहज सदस्य सेवाको लागि विगतबाट नै सञ्चालन गरीदैं आएको ATM Banking, SMS Banking, Mobile Banking लाई थप परिमार्जन एवं सेवा थप गरी सदस्यको खाताबाट विभिन्न बैंक खातामा एवं विभिन्न बैंक खाताबाट सदस्यको खाताम रकम जम्मा गर्ने गराउने सुविधामा यस वर्षबाट QR Code सुविधा थप गरेका छौं, यहाँहरुले सुविधा उपभोग गरी सबल एवं दुर्बल पक्षका बारेमा सुझावको अपेक्षा गर्दछौं ।

१७। सहकारी ऐन बमोजिम सदस्य, जिल्ला संघ, केन्द्रीय संघसँग बचत ऋण कारोबार सँगसँगै विभिन्न सदस्य हितकारी परियोजना सञ्चालन व्यवस्थापनको लागि विभिन्न उपसमिति मार्फत अध्ययन,

अनुसन्धान गरीरहेका छौं ।

१८। संस्थाका सञ्चालक, पदाधिकारी, कर्मचारी, शेयर सदस्यलाई कार्य क्षमता अभिवृद्धिको लागि समय मिलाई विभिन्न राष्ट्रिय, अन्तरराष्ट्रिय सम्मेलन, तालिम, अन्तरक्रिया तथा गोष्ठीमा सहभागि गराइएको छ ।

१९। समग्र देशको आर्थिक उतार चढाव, बजार, बैंक तथा वित्तिय संस्थामा आधारित रहेर सदस्यको बचत तथा ऋण परिचालन गर्दै आएका छौं ।

२०। संस्थाको बचत एवं ऋण योजनाहरु तपशिल बमोजिम रहेका छन् ।

| क.स. | बचत/निक्षेप | ब्याजदर | | | | |
|---|---|---|---|---|---|---|
| | | मासिक | त्रैमासिक | अर्धवार्षिक | वार्षिक | एकमुष्ठ |
| १ | सदस्य मासिक बचत | — | ८ % | | | |
| २ | ऐच्छिक बचत | | | | | |
| क | जयलक्ष्मी विशेष बचत | — | ८ देखि १० % | — | — | |
| ख | जयलक्ष्मी ज्येष्ठ नागरीक बचत | — | ९.२५ % | १२% ७५ वर्ष नाघेकोमा | | |
| ग | जयलक्ष्मी नारी बचत | — | ७.२५% देखि १०.२५ % | — | — | |
| घ | जयलक्ष्मी साधारण बचत | — | ६.२५% देखि ८.५० % | — | — | |
| ङ | कर्मचारी बचत | — | ६.२५% | — | — | |
| च | १ बर्षे बाल बचत | — | ७% | — | — | |
| छ | २ बर्षे बाल बचत | — | ७.५०% | — | — | |
| ज | ३ बर्षे बाल बचत | — | ८.५०% | — | — | |
| झ | ५ बर्षे बाल बचत | — | १०% | — | — | |
| ञ | ५वर्ष भन्दा माथिको बाल बचत | — | १२ % | नियमित बचत गर्दै जाने र बचतकर्ता १६ वर्ष पुगेर नागरीकता पेश गरेपछि मात्र बचत फिर्ता लिन मिल्ने। | | |
| ट | ३ महिने क्रमिक बचत | — | ६.५०% | न्युनतम रू ५० देखि रू ५,०००। —दैनिक बचत गरी ३६५ दिन पुरा गरेको बचतमा एकमुष्ठ व्याज प्रदान गरीने । सम्झौता गरको समयसम्म रकम निकाल्न नमिल्ने। | | |
| ठ | ६ महिने क्रमिक बचत | — | ७% | | | |
| ड | १ बर्षे क्रमिक बचत | — | ७.५०% | | | |
| ढ | २ बर्षे क्रमिक बचत | — | ८ देखि १०% | | | |
| ण | ३ बर्षे क्रमिक बचत | — | ९ देखि ११% | | | |
| त | ५ बर्षे क्रमिक बचत | — | ९.५ देखि १२% | | | |
| थ | ५ बर्षे पेन्सन बचत | — | १०.५ % | वार्षिक न्युनतम रू ५०,०००।— बचत गरी ३६५ दिन पुरा गरेको बचतमा एकमुष्ठ व्याज प्रदान गरीने । सम्झौता गरको समयसम्म रकम निकाल्न नमिल्ने | | |
| द | १० बर्षे पेन्सन | — | ११ % | | | |
| ध | १५ बर्षे पेन्सन बचत | — | १२ % | | | |
| न | आवधिक बचत | १०%–१३% (शर्तहरू लागू हुनेछन्) | | | | |

१. गत वर्ष जसरी नै सदस्यलाई संस्थामा बचत गर्न प्रोत्साहनको लागि साधारण बचतमा तपशिल बमोजिम व्याज दर कायम गरिएको छ ।

| *बचत रकम रु* | | *व्याजदर प्रतिशत* |
|---|---|---|
| १. | रु ५० लाख सम्म | ६।२५ |
| २. | रु ५० लाख देखि १।५० करोडसम्म | ७ |
| ३. | रु १।५० करोडदेखि २ करोडसम्म | ८ |
| ४. | रु २ करोड माथि | ८.५० |

२. सदस्यको परिवार वा महिला सदस्यलाई बचत गर्न प्रोत्साहनको लागि बचतमा तपशिल बमोजिम व्याजदर कायम गरिएको छ।

| | **बचत रकम रु** | **व्याजदर प्रतिशत** |
|---|---|---|
| १. | रु २५ लाख सम्म | ७।२५ |
| २. | रु २५ लाख देखि ५० लाखसम्म | ८।२५ |
| ३. | ५० लाखदेखि १ करोडसम्म | ९।२५ |
| ४. | रु १ करोडदेखि माथि | १०।२५ |

३. मासिक बचतलाई समितिको कार्यकालसम्म बचत गर्ने गरी गत वर्षबाट निर्णय गरे अनुसार ४ वर्ष फिर्ता नगर्ने गरी न्युनतम ५०० देखि २,००० सम्म मासिक बचत २०७६ पौष देखि अनिवार्य बचत गर्न तथा नयाँ सदस्यलाई पनि सोही बमोजिम बचत गर्न प्रोत्साहन गर्ने गरी ०७९ भदौसम्म ३३ औं महिनाको बचत संकलन गर्ने नीति लिइएको छ।

४. ७५ वर्ष नाघेका सदस्य वा सदस्यको परिवारको ज्येष्ठ नागरीक बचतमा ११ प्रतिशत व्याज प्रदान गरी ज्येष्ठ नागरीक सम्मान गर्ने नीति लिइएको छ।

५. आवधिक बचत रकमको व्याजदर वित्तिय बजार अवस्था, सदस्यको माग एवं संस्थागत आवश्यकता, रकम एवं समयावधिको आधारमा फरक फरक कायम गर्ने नीति लिइएको छ।

२१। सदस्य अनि परिवारसँग संस्थागत निकटताको वार्षिकोत्सवको अवसरमा पारिवारिक रमाइलो बनभोज, भ्रमण, भेटघाट सँगसँगै सदस्यको खुसी, विपत्ती अनि शोकमा संस्थागत सकृय सहभागितालाई निरन्तरता एवं सकयृता बढाइरहेका छौं।

२२। लामो समयको कोरोना महामारीको सन्त्रास पश्चात अध्ययन अवलोकन एवं सदस्य पुनर्ताजगीको लागि १०५ जना सदस्यहरु सहित भएर नेपालको पुर्वी क्षेत्र अवलोकन, नेपालको उत्कृष्ट सहकारी मध्ये १ नेपाल बहुउद्धेश्यीय सकारी संस्था लि (NMC) मा अन्तरक्रिया सँगसँगै मित्र राष्ट्र भारतको सिक्किम दार्जिलिङ्गमा मिति २०७८ चैत १४-१९ गतेसम्म ६ दिन भ्रमण गरिएको थियो।

२३। नियमक निकाय, राष्ट्रिय सहकारी बैंक, विषयगत सहकारी संघ, छिमेकी सहकारी संघसंस्थाहरुको निम्ता एवं अनुरोध बमोजिम यथाशक्य सहभागी भएका छौं भने संस्थाका सदस्यहरुको आर्थिक उन्नयन सँगसँगै नैतिक सामाजिक उन्नयनमा साथ सहकार्य गर्दै आएका छौं।

२४। संस्थाको अनुभवी प्रमुख कार्यकारी अधिकृत श्री सुशिल के.सी.ले संस्थागत प्रतिनिधित्व गर्दै राष्ट्रिय सहकारी बैंक लि., पोखरा समन्वय समितिको सदस्यको रुपमा सहकारी अभियान एवं बैंकका विभिन्न गतिविधिमा सकृय सहकार्य गर्दै आउनुभएको छ।

२५। व्यवस्थापकहरुको क्षमता, सहकारी संस्थाहरुमा एकरुपता भन्ने नाराका साथ स्थापित कास्की जिल्लामा रहेका सहकारीका व्यवस्थापहकरुको साझा संस्था CMC Kaski मा संस्थाका प्रमुख कार्यकारी अधिकृत एवं दुबै कार्यालय प्रमुखहरुले सदस्यता लिएर आयोजना हुने तालिम तथा हरेक गतिविधिमा सकृय रहेका साथै निकटमा नै CMC Kaski को सञ्चालक समितिमा रहेर नेतृत्व विकास एवं संस्थागत सहकार्य गर्ने तयारी गरिएको छ।

२६। सहकारी ऋण लगानी एवं असुली व्यवस्थापन लगायतका संस्थागत कार्यसम्पादनमा सहजता एवं सबैको सहभागिताको लागि आवश्यकता अनुसार समिति उपसमितिहरुको बैठक बसेर सामूहिक निर्णय मार्फत सहकारी सेवा प्रदान गर्दै आएका छौं।

२७। कर्मचारीहरुको कार्यप्रोत्साहन, दक्षता अभिवृद्धिको लागि विभिन्न तालिम, गोष्ठिहरुमा सहभागि गराइरहेका छौं। दुबै कार्यालयहरुमा छुट्टाछुट्टै वा सामुहिक रुपमा १२ वटा बैठक बसेर सदस्य सेवा विस्तार, कर्मचारी हकहित तथा अन्य संस्थागत विषयमा प्रमुख कार्यकारी अधिकृत मार्फत छलफल सहकार्य अगाडि बढाइरहेका छौं।

२८। राष्ट्रिय, अन्तरराष्ट्रिय सभा सम्मेलन, अन्तरक्रिया, गोष्ठी, तथा तालिम तथा विभिन्न सहकारीका साधारण सभा, संस्थागत निमन्त्रणा आएका कार्यक्रममा संस्थाका अध्यक्ष, सञ्चालक, पदाधिकारी, प्रमुख कार्यकारी अधिकृत, दुबै कार्यालय प्रमुख एवं कर्मचारीहरु मार्फत सकृय सहभागिता जनाउँदै आइरहेको छ।

२९। विषयगत, जिल्ला सहकारी संघ तथा राष्ट्रिय सहकारी महासंघसँग सकृय समन्वय एवं सहकार्य गर्दै आएका छौं ।

३०। संस्थागत जग्गा व्यवस्थापन एवं परियोजना सञ्चालन व्यवस्थापन साथसाथै सार्दीखोला सेवाकेन्द्र सञ्चालन व्यवस्थापनका लागि संस्थाका सचिव श्री शिवलाल उपाध्यायको नेतृत्वमा लामाचौर सेवाकेन्द्र संयोजक श्री गेहेन्द्रमान श्रेष्ठ एवं उपसमिति सदस्य श्री माधव आचार्य सदस्य रहने तथा संस्थाका अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत पदेन सदस्य रहने गरी गत वर्ष गठित उपसमितिले संस्थाको जग्गा सम्याउने एवं अन्य जग्गा संरक्षण, व्यवस्थापन एवं त्यहाँ विभिन्न सदस्य हितकारी परियोजना सञ्चालन व्यवस्थापनको लागि कार्यारम्भ गरि सकिएको छ।

३१। संस्थागत दैनिक प्रशासनिक कामकाज एवम् कर्मचारी व्यवस्थापन तथा अन्य उपसमितिहरुको परिचालन व्यवस्थापन संस्थाका सचिव श्री शिवलाल आचार्य मार्फत गर्ने गरिएको छ।

३२। २०७८/०७९ एवम् चालु आ.व. मा हालसम्म तपशील बमोजिमका तालिम तथा गोष्ठीहरुमा संस्थागत सहभागीता गरिएको थियो :

| तालिम, गोष्ठी, भ्रमण, अभिमुखिकरण एवं अन्य सहभागिता विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | मिती | **कार्यक्रमको नाम स्थान** | **सहभागिको नामथर** | **पदक्रम** | **समयावधी** | **आयोजक संस्था** |
| १ | २०७८।०८।१६ | साधारण सभामा सहभागी-समन्वय उपसमिति सदस्यको रुपमा | शुशिल के सी | प्रमुख कार्यकारी अधिकृत | १ दिन | राष्ट्रिय सहकारी बैंक लि. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २०७८।०८।१६ | साधारण सभामा सहभागी- संस्थागत प्रतिनिधित्व | निलराज आत्रेय | अध्यक्ष | १ दिन | राष्ट्रिय सहकारी बैंक लि. |
| ३ | २०७८।११।०७ | प्रशिक्षक प्रशिक्षण (TOT) तालिम | शुशिल के सी | प्रमुख कार्यकारी अधिकृत | ७ दिन | CMC कास्की र नेफ्स्कुन |
| क्र.सं | कन्सल्टेन्सीको नाम | ठेगाना | पान नं | दर्ता |
|---|---|---|---|---|
| १ | ए टु जेड इन्जिनियरीङ कन्सल्टेन्सी | पोखरा १९, लामाचौर | ६०७४४६००१ | १३४७१/०७४/०७५ |
| २ | अडेप्ट एण्ड रेन्फोर्स्ड एज टेक्नोलोजी ईन्जिनियरिङ्ग कम्पनी प्रा.लि. | पोखरा १६, लामाचौर | ३०५५९०१५४ | १०६३०५/०६९/०७० |
| ३ | इमोर्टल इन्जिनियरीङ कन्सल्टेन्सी | पोखरा १९, लामाचौर | ६०७४४६१६ | १३४७२/०७४/०७५ |
| ४ | सगरमाथा इन्जिनियरीङ कन्सल्टेन्सी | पोखरा तालचोक | ३०२६४४७११ | ५५३०/०६३/०६४ |
| ५ | बहिस्त इन्जिनियरीङ कन्सल्टेन्सी | पोखरा २५, याम्दी | ६१६९९५३१० | २१४१३/०७८/०७९ |
| ६ | अर्वान इन्फाइस्टकचर डेवलपमेन्ट कन्सल्टेन्सी | पोखरा ५, प्रस्याँङ | ११९१९४९९९ | ५६६४/०६४/०६५ |

(Fair Market Value) बाट २० प्रतिशत कटाई आउने Distress Value को १०० प्रतिशत नबढ्ने गरी ऋण लगानी गर्ने एवं धितो पुनः मुल्याङ्कन गरी प्रारम्भिक प्रतिवेदन मात्र पेश गर्नुपर्ने अवस्थामा प्रति साइट बढीमा रु २,५००।- धितो मुल्याङ्कन शुल्क एवं साइट खर्च रकम पोखरा महानगरपालिका भित्र अधिकतम प्रति धितो रु. २,५००।- तथा मसलन्द खर्च अधिकतम रु. १,५००।- मात्र एवं सो बाहिरको धितोमा अवस्था हेरी भुक्तानी गर्ने गरी सदस्यलाई सहजिकरण गर्ने अख्तियारी प्रमुख कार्यकारी अधिर्कतलाई प्रदान ।

१८. सहकारीको स्वेच्छिक तथा खुल्ला सदस्यताको सिद्धान्त अनुरुप संस्थामा शेयर खरिद गरी सदस्यता लिने र छोड्ने प्रक्रिया विगत वर्षहरु जसरी नै नियमित राख्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान।

१९. सहकारी ज्ञान हासिलको लागि शिक्षा उपसमिति मार्फत सञ्चालक समिति, लेखा समिति, अन्य उपसमिति एवं कर्मचारीहरुलाई राष्ट्रिय, अन्तराष्ट्रिय तालिम, अन्तरक्रिया, गोष्ठी एवं अध्ययन अवलोकन भ्रमणको व्यवस्था गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान ।

२०. कर्मचारी थपघट, तलवभत्ता एवं सेवा सुविधा अनुमोदन, निर्धारण, परिमार्जन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान ।

२१. संस्थाको विनियिम अनुमोदन तथा नियमक निकायसँग समन्वय गरी आवश्यकता अनुसार विनियम संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान ।

२२. संस्थाले तयार गरेका विभिन्न नीति, कार्यविधि तथा विनियमावली पारित एवं लागू गर्ने अख्तियारी अख्तियारी सञ्चालक समितिलाई प्रदान ।

२३. सदस्य सेवाको लागि संस्थाले सञ्चालन व्यवस्थापन गरीरहेका बचत तथा ऋणका कार्यक्रम निरन्तरता एवं थपघट गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान ।

२४. संस्थागत जग्गाको संरक्षण व्यवस्थापन सहित सदस्य हितकारी उत्पादनमुलक परियोजना सञ्चालन व्यवस्थापन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान ।

२५. संस्थागत लक्ष्य प्राप्तिका लागि बचत तथा ऋणको उद्धेश्य बाहेकका अन्य सदस्य हितकारी आयमूलक परियोजना सञ्चालन व्यवस्थापन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान ।

२६. विभिन्न बीमा कम्पनीसँग संस्थागत सहकार्य गरी सदस्य सुरक्षा कार्यक्रम अन्तर्गत कर्जा, बचत एवं सदस्य तथा कर्मचारीको कार्य प्रोत्साहन एवं सुरक्षाको लागि जीवन बीमा गर्ने अख्तियारी सञ्चालक

समितिलाई प्रदान ।

२७. संस्थागत जग्गामा विभिन्न परियोजना सञ्चालन, व्यवस्थापन अनुगमन, विभिन्न सेवाकेन्द्र अनुगमन, निरिक्षण, सदस्य भेटघाट एवं विभिन्न निकायहरुमा संस्थागत सम्पर्क भेटघाट सहजताको लागि सवारी साधन (Offroad जान सक्ने) खरिद गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान ।

२८. संस्थागत आवश्यकता अनुसार जग्गा, भवन खरिद, फर्निचर, कार्यालय सजावट एवं विद्युतिय उपकरण एवं अन्य परियोजनागत संरचना निर्माण, खरिद तथा थप/विस्तार गर्ने अख्तियारी सञ्चालक समिति लाई प्रदान ।

२९. सहकारी संस्था वा सहकारी संघहरुसँग समन्वय एवं सहकार्य गरी परियोजना सञ्चालन तथा सहकार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान ।

३०. थप पूँजी आवश्यक भएमा विभिन्न बैंक वित्तिय संस्थाहरुबाट कर्जा सुविधा लिने अख्तियारी सञ्चालक समितिलाई प्रदान ।

३१. विभिन्न सरकारी तथा गैह्रसरकारी अनुदान प्राप्त गर्न आवश्यक प्रक्रिया मिलाई अनुदानको लागि पहल गर्न सञ्चालक समितिलाई जिम्मेवारी प्रदान गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान ।

३२. संस्था एकिकरणको बारेमा सदस्यलाई जानकारी सहित एकिकरणको लागि पहल गर्ने एवं एकिकरण तथा दर्ता गर्ने सहकारी रजिष्ट्रार लगायतका नियमक निकायका कर्मचारीहरुलाई धन्यवाद ज्ञापन ।

३३. साधारण सभामा उपस्थित सम्पूर्ण महानुभावलाई धन्यवाद सहित छैटौं साधारण सभा समापन ।

संस्थाको छैटौं साधारण सभाको निर्णयहरु तत्काल सम्पन्न गर्नुपर्ने लागू गरीसकेको र केही आवश्यकता अनुसार क्रमश कार्यान्वयन गर्दै गएको देखिन्छ ।

आर्थिक पारदर्शिता सहित संस्थागत सदस्य सेवा चुस्त दुरुस्त बनाउदै नीति विधि एवं प्रविधियुक्त सहकारी निर्माणको लागि संस्थाले तयार गरेका नीति कार्यविधिहरुको अक्षरसः पालना गर्दै सदस्य सेवा प्रदान गर्ने तथा समिति, उपसमितिका पदाधिकारीको सकृयता सँगसँगै लेखा व्यवस्थापन एवं सहकारी सञ्चालन सम्बन्धी तालिम लिनुपर्ने एवं आवश्यकता अनुसार कर्मचारीहरुलाई जिम्मेवारी अनुरुपको सेवा छिटोछरितो प्रदान गर्न, सुव्यवस्थित एवं दक्ष बनाउन विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय तालिममा सहभागि गराउन अपरिहार्य देखिन्छ ।

**३. आ.व. ०७८/७९ मा बसेको बैठक संख्या र निर्णय कार्यान्वयनको अवस्था ।**

| बैठक | पटक | सहभागिता प्रतिशत |
|---|---|---|
| बार्षिक साधारण सभा | १ पटक | ७५।८३ |
| सञ्चालक समिति | १३ पटक | ८७।१७ |
| ऋण उपसमिति | १७ पटक | ७६।५० |
| शिक्षा तालिम तथा सूचना उपसमिति | १ पटक | ६० |
| श्रोत प्रवद्धन उपसमिति | १ पटक | ६० |

| | | |
|---|---|---|
| महिला सशक्तिकरण तथा नेतृत्व विकास उपसमिति | १ पटक | ८३।३३ (३३ प्रतिशत जानकारी) |
| केन्द्रीय परिषद | १ पटक | ८० |
| समिति, उपसमिति, सल्लाहकार-पूर्ण बैठक<br>दशै शुभकामना बैठक | १ पटक | ४५ (सबै कर्मचारी सहभागी) |
| समिति, उपसमिति, सल्लाहकार-पूर्ण बैठक<br>साधारण सभा तयारी | १ पटक | ४५ (सबै कर्मचारी सहभागी) |
| पदाधिकारी बैठक | १ पटक | ७५ प्रतिशत |
| कर्मचारी बैठक-दुबै कार्यालय संयुक्त | १२ पटक | ९४ प्रतिशत |

सञ्चालक समितिको १२ वटा बैठकमा लामाचौर सेवाकेन्द्र संयोजक सहभागि रहेको एवं लेखा सुपरीवेक्षण समिति संयोजक ७ वटा बैठकमा सहभागि रहनु भएको छ।

**लेखा सुपरिवेक्षण समितिको बैठक**

| क्र.स. | बैठक मिति | पटक | सहभागिता प्रतिशत |
|---|---|---|---|
| | २०७८/६/१५ | २८ औं बैठक | १०० |
| | २०७८/८/१५ | २९ औं बैठक | १०० |
| | २०७८/११/१५ | ३० औ.बैठक | १०० |
| | २०७९/२/९ | ३१ औं बैठक | १०० |

प्रधान कार्यालय सुसञ्चालन व्यवस्थापन उपसमिति एवं लामाचौर सेवाकेन्द्र उपसमितिको बैठकहरु अनौपचारिक बस्ने गरको भए पनि औपचारिक बैठक बसेको देखिएन तसर्थ आगामी दिनमा सकृयता बढाउन आवश्यक देखिन्छ। उक्त बठैकहरुले गरेका मुख्य मुख्य निर्णयहरु यस प्रकार छन्।

१. संस्थागत कारोबार जानकारी तथा समिक्षा।
२. साधारण सभा तथा बैठकका निर्णय कार्यान्वयनबारे छलफल तथा समिक्षा।
३. सदस्यता प्रदान।
४. ऋण लगानी तथा असुली सम्बन्धी निर्णयहरु।
५. संस्थाको बैंक खाता सञ्चालन सम्बन्धि निर्णय।
६. संस्थाको लागि आवश्यक कार्यालय सजावट, सुरक्षण सामाग्री तथा फर्निचर खरिद, कम्प्यूटर तथा विद्युतिय उपकरण खरिद एवं जडान सम्बन्धि निर्णय।
७. खर्च अनुमोदन।
८. सदस्यता खारेजी सम्बन्धि निर्णय।
९. संस्थागत जग्गा व्यवस्थापन, विभिन्न कार्यक्रम तथा परियोजना सञ्चालन गर्न, राष्ट्रिय अन्तराष्ट्रिय सहकारी सभा सम्मेलन, तालिम, गोष्ठी, अन्तरक्रिया एवं भ्रमणमा सहभागिता, तथा विभिन्न उपसमिति

गठन सम्बन्धी निर्णय ।

१०. संस्था एकिकरण, संस्थागत नीति, नियमावली तथा कार्यविधि तयारी तथा लागू गर्ने सम्बन्धी निर्णय ।

११. सञ्चालक समिति, लेखा समिति एवं विभिन्न उपसमिति गठन/परिमार्जन ।

१२. संस्थाको विभिन्न कर्मचारीहरुको पदक्रम निर्धारण, प्रमुख कार्यकारी अधिकृत नियुक्ति, कर्मचारी नियुक्ति, पदोन्नती, निश्कासन, पारिश्रमिक निर्धारण, परिमार्जन, लेखापरीक्षक नियुक्ति एवं पारिश्रमिक सम्बन्धी निर्णय ।

१३. सामाजिक उत्तरदायित्व बहन, सदस्य राहत, कोरोना महामारीमा व्याजछुट, सदस्य शोक तथा खुसीमा संस्थागत सकृयता सहभागिता सम्बन्धी निर्णय ।

१४. ऋण तथा बचतको व्याजदर निर्धारण तथा परिमार्जन सम्बन्धी निर्णय ।

१५. जोखिमको समयमा सदस्य, कर्मचारीको सुरक्षा एवं सहकारी सेवा सुचारु सम्बन्धी निर्णय ।

१६. सेवाकेन्द्र सञ्चालन व्यवस्थापन सम्बन्धी निर्णय ।

१७. सदस्य बचत प्रोत्साहन सम्बन्धी निर्णय ।

सञ्चालक समिति, उपसमितिको बैठकले गरेका अधिकांश निर्णयहरु कार्यान्वयन भै सकेका छन । केही निर्णयहरु प्रक्रियागत रुपमा अघि बढिरहेका छन् ।

**५। ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धि ब्यवस्था :**

गत वर्ष जसरी नै संस्थाले सहकारी नियमानुसार नै शेयर सदस्यहरुबाट बचत एवं शेयर संकलन गरी अन्य सहकारीहरुको तुलनामा न्युन एवं सरकारी सन्दर्भ व्याजदरको परिधिभित्र रहेर विभिन्न परियोजनहरुमा कर्जा लगानी गरेको छ। १० लाख भन्दा माथिको ऋण ईन्जिनियरिङ्ग कन्सल्टेन्सी मार्फत धितो मुल्याङ्कन गरी ऋण लगानी गर्न थालिएको छ। राष्ट्रिय सहकारी बैंक एवं आर एम डि सी संस्थाबाट थोक कर्जा लिएर केही कर्जा सदस्य जमानीमा एवं केही कर्जा धितो जमानीमा प्रदान गरेको छ भने २ जना ऋणी सदस्यको रु २,७४,७७७।६२ खराब ऋण एवं ५ जना ऋणी सदस्यको रु १५,३१,८४४।८० शंकास्पद ऋण रहेको छ। तसर्थ ऋण उपसमितिले ऋण लगानी तथा असुलीमा अलि सकृयता बढाउनुपर्ने देखिन्छ।

**६। सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धि सन्क्षिप्त विवरण :**

संस्थाले सहकारी ऐन नियमावली एवं सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना गरीरहेको तथा केही कार्यहरुलाई मापदण्ड अनुरुप कार्य गर्नु पर्ने देखिन्छ।

**७। सहकारी कार्यालय, विभाग, वा सम्बन्धित संघले अनुगमन गरी दिईएको प्रतिवेदन अनुसारका निर्देशन सुझावहरु कार्यान्वयन सम्बन्धि विवरणहरुः**

सहकारी कार्यालय, विभाग, वा सम्बन्धित संघबाट हाल सम्म कुनै प्रकारका लिखत निर्देशनहरु प्राप्त नभए पनि नियमक निकाय, विभिन्न सहकारी संघबाट प्राप्त मौखिक, सल्लाह सुझाव एवं निर्देशन अनुरुप संस्था सञ्चालन व्यवस्थापन एवं सदस्य सेवा प्रदान गरीरहको ।

**८। पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरणः**

१। आ.व. २०७८/७९ मा सञ्चालक समितिको १३ वटा बैठक बसेको भए पनि संस्थाको आर्थिक प्रशासन नीति २०७७ बमोजिम १२ वटा बैठकको बैठकभत्ता रु १,०००।- (प्रति बैठक) एवं सञ्चालक पदाधिकारी एवं कार्यालय संयोजकलाई मासिक रु ५००।- सञ्चार खर्च एवं रु १,५००।- ईन्धन खर्च मासिक प्रदान गरिएको छ । साथै बैंक खाता सञ्चालक पदाधिकारी एवं कार्यालय/सेवाकेन्द्र संयोजकलाई मासिक थप रु २,०००।- भत्ता प्रदान गरिएको छ भने समिति मातहतमा रहेका उपसमितिहरुका पदाधिकारीहरुलाई चियाखाजा एवं आवश्यकता अनुसार टेलिफोन तथा ईन्धन खर्च प्रदान गरिएको छ।

२। सहकारी क्षेत्रमा डेढ दशकको अनुभवी एवं संस्था स्थापना देखि सचिव/उपाध्यक्ष/प्रवन्ध सञ्चालकको भूमिकामा रही हाल संस्थाको प्रमुख कार्यकारी अधिकृत पदमा सेवारत रहेको एवं सहकारी क्षेत्रमा ७ वर्ष अनुभवी सेवाकेन्द्र प्रमुख एवं ६ वर्ष अनुभवी प्रधान कार्यालय प्रमुख सेवारत रहेको ।

३। संस्थाको प्रमुख कार्यकारी अधिकृत, दुबै कार्यालय प्रमुख लगायत दुबै कार्यालयमा सेवारत कर्मचारीलाई सञ्चालक समितिले निर्धारण गरे बमोजिम पारिश्रमिक तथा सेवा सुविधाहरु उपलब्ध गराइएको ।

**९। कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :**

१। साधारणसभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी बिनियमावली भए/नभएको : भएको

२। कर्मचारी प्रशासन बिनियमावली प्रयोगमा ल्याईएको/नल्याईएको : लागू भएको

३। भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी भएको /नभएको : भएको

४। कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको /नरहेको : रहेको

५। ब्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण : व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण गरी विगत १६ वर्ष देखि सहकारी, लेखा तथा व्यवस्थापन विषयमा सेवारत रहँदै अनुभवी एवं सो सम्बन्धी अनेकौं राष्ट्रिय अन्तरराष्ट्रिय तालिम प्राप्त । साथै दुबै कार्यालय प्रमुखहरु सहकारी, लेखा तथा व्यवस्थापन विषयमा ६ वर्ष भन्दा अनुभवी एवं तालिम प्राप्त रहेको ।

६। कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या :

संस्थागत कर्मचारी भना गर्दा संस्थाले सम्भव भएसम्म सदस्य वा सदस्यको परिवारबाट कर्मचारी व्यवस्थापन गर्ने नीति अपनाएको भए पनि एकिकृत संस्थामा कर्मचारी व्यवस्थापनको लागि राष्ट्रिय पत्रिकामा कर्मचारी आह्वान गरी अन्तर्वार्ता मार्फत कर्मचारी व्यवस्थापन गरिएको छ। हाल संस्थामा देहायका १९ जना कर्मचारीहरु सेवारत रहेका छन् ।

| | | |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | : १ जना |
| २. | अधिकृत | : २ जना |
| ३. | बरिष्ठ सहायक | : १ जना |
| ४. | कार्यालय सहायक | : ५ जना |

| | | |
|---|---|---|
| ५. | कनिष्ठ सहायक | : २ जना |
| ६. | बजार सहायक | : ५ जना |
| ७. | कार्यालय सहयोगी | : १ |
| ८. | सुरक्षा कर्मचारी | : २ जना (रोजगारदाता मार्फत) |

संस्थागत कार्यबोझ व्यवस्थापनका लागि सदस्य एवं सदस्यका परिवारलाई स्वयम्सेवी कर्मचारी (खाजा सुविधा मात्रै प्रदान गरी) को रुपमा तालिम उपलब्ध गराई आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गरिरहेको ।

१०। लेखा समितिले यस अघि दिईएका प्रतिवेदनका सुझावहरुको कार्यान्वयनको अवस्था :

लेखा समितिले दिएका सुझावहरु कार्यान्वयन गर्न सञ्चालक समिति सक्रिय रहेको पाइयो ।

११। लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु तथा सुझावहरुः

१. मासिक बचत तथा संस्थाले प्रदान गर्ने हरेक सुविधाहरुको जानकारी सहित ऋण लगानि असुलीको लागि हरेक दिन सदस्यहरुलाई दैनिक फोन सम्पर्क, भेटघाट गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

२. ऋणी सदस्यलाई मासिक ब्याजको लागि फोन सम्पर्क वा भेटघाट गर्ने तथा धन जमानतकर्तालाई त्रैमासिक रुपमा फोन सम्पर्क वा भेटघाट गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

३. शेयर थप संकलन गर्न भन्दा पनि अधिक बचत गर्न तथा नियमित कारोबार गर्न सदस्यलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

४. मितब्ययी रुपमा आय आर्जनका तरिकाहरु बृद्धि गर्दै लगानीका अतिरिक्त आयम खोज्नु पर्ने देखिन्छ।

५. अल्पकालिन मुनाफामुखी नभई दीर्घकालिन सदस्य सहकारी सेवा प्रदान गर्दै शेयर पूँजी मात्रै लगानी गरी निस्कृय रहने सदस्यहरुलाई संस्थामा नियमित बचत तथा ऋण कारोबार गर्दै आफ्नो आर्थिक उन्नयन गर्न तथा शेयर लाभांश भन्दा संरक्षित पूँजी फिर्ता कोषबाट अत्याधिक लाभ हासिल गर्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ।

६. दोहोरो सदस्यता अन्त गर्दै अनेकौं सहकारीमा शेयर राखेर संस्थागत अश्वस्त प्रतिस्पर्धा नगरी एकै संस्थामा रहेर विभिन्न आयमुलक उत्पादनमुलक सहकारी मैत्री कार्य गर्न गराउन सदस्यलाई प्रेरित गर्नुपर्ने देखिन्छ।

७. न्यून पूँजीको सहकारी सञ्चालन भन्दा सहकारी ऐन नियमावली बमोजिम अन्य विभिन्न सहकारी एकिकरण गरी ठूलो सहकारी निमार्णको सहकारी अभियानमा अग्रणी भूमिका खेल्नुपर्ने देखिन्छ।

८. उत्कृष्ट अनि नमूना सहकारी निमार्ण गर्न समिति, उपसमितिका पदाधिकारीहरु एवं सदस्यहरुलाई तालिम सूचना प्रदान गरी शिक्षित समाज बनाउन समयानुकुल तालिम, गोष्ठी, अध्ययन अवलोकन भ्रमणको व्यवस्था गर्न शिक्षा समिति सकृय हुनु अत्यावश्यक देखिन्छ ।

९. सहकारी ऐन नियम बमोजिम नियमक निकायबाट स्वीकृति लिएर संस्थाको कार्यक्षेत्र

थप, सेवाकेन्द्र थप, विभिन्न सदस्य हितकारी परियोजना सञ्चालन व्यवस्थापनका लागि समितिले यथासक्य छिटो पहल गर्नुपर्ने देखिन्छ ।

१०. बचत संकलनको लागि संस्थाको श्रोत प्रवद्धन उपसमितिलाई सकृय बनाई बाह्य ऋण भन्दा मासिक एवं दीर्घकालिन बचतमा सदस्यलाई प्रोत्साहन गर्न गराउन समिति एवं व्यवस्थापन अझ बढी सकृय रहनुपर्ने देखिन्छ ।

११. नियमित बचत तथा ऋण कारोबार सँगसँगै ATM Banking, SMS Banking, Mobile Banking सेवा नियमित गर्नुपर्ने देखिन्छ भने संस्थाबाट प्रदान हुने सबै सेवा सुविधाको पूर्ण उपभोग गर्नुपर्नेछ र अरुलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

१२. शिक्षा समिति माफर्त सहकारी शिक्षा, नेतृत्व विकास क्षमता अभिवृद्धि गर्दै बचत तथा ऋणको कारोबार सँगसँगै अन्य आयमुलक परियोजना सञ्चालन व्यवस्थापन गर्ने तर्फ सदस्यलाई आवश्यक परामर्श, तालिम तथा अन्य कार्यको लागि समितिले बढी सजग रहनुपर्ने देखिन्छ ।

१३. बिना धितो ऋण प्रवाह नगर्न नगराउन हुन र यदि प्रवाह गर्नुपरेमा जिम्मेवार एवं विश्वसनीय जमानतकर्ता राखेर किस्ताबन्दी असुली गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१४. ठूला ऋण, पारिवारिक ऋण एवं अनुत्पादक क्षेत्र ऋण लगानी नगर्न नगराउन हुन एवं हालसम्म लगानि भएका यस्ता ऋण यथासक्य छिटो असुली गर्न गराउन हुन ।

१५. कार्यक्षेत्रभित्र नपर्ने वा कार्यक्षेत्रभित्र बसोबास गर्ने कागजात उपलब्ध नहुने सदस्यलाई सदस्यता प्रदान नगर्न नगराउन एवं सदस्यता भएको भए आवश्यक कागजात यथासक्य व्यवस्थापन गर्न गराउन एवं सो उपलब्ध नभएमा सदस्यता खारेजी गर्न गराउन हुन ।

१६. स्वेच्छिक तथा खुला सदस्यता भए पनि सदस्यले मागेको बखत नै शेयर फिर्ता नगरी सदस्यको माग, आवश्यकता, गुनासो पहिचान हालको तरलता संकटको अवस्थामा सदस्यता खारेजी भन्दा पनि सदस्यता अभिवृद्धितर्फ ध्यान दिनुहन ।

१७. केही ठूला एवं अनुत्पादक ऋण समितिका जिम्मेवार सञ्चालक, पदाधिकारीले उपयोग गरेको तथा कारोबार नियमित नभएको देखिएकोले सो रकम असुली एवं कारोबार नियमितता तर्फ समिति एवं जिम्मेवार सञ्चालकहरुले अविलम्ब ध्यान दिनु हुन ।

१८. संस्थामा विभिन्न उपसमितिहरु भए पनि धेरै जसो उपसमितिका पदाधिकारीहरु ऋण माग गर्ने वा आफन्तलाई ऋण सिफारिस गर्ने बाहेक संस्थागत सदस्यता, बचत एवं कारोबार अभिवृद्धिमा प्राय निस्कयृ देखिएकोले सबैलाई सकृय बनाउन हुन वा निस्कृय सदस्यको सट्टामा सकृय सदस्य थपघट गरी उपसमितिहरलाई संस्थागत लक्ष्य उद्धेश्यमा कटिवद्ध गराउन हुन ।

१९. संस्थागत सम्पत्ती एवं अन्य सामाग्री खरिद तथा विभिन्न खर्च व्यवस्थापन एवं कार्यालय डेकोरेशन प्रक्रियामा संस्थाको खरिद समितिले सकृय भूमिका निभाउन नसकेको, बैठक बसेर छलफल नगरेको, कोटेशन माग गरी समितिमा सिफारिस नगरेको देखिएकोले सो सम्बन्धमा खरिद समिति एवं सञ्चालक

समितिले अविलम्ब ध्यान दिनु हुन ।

२०. ऋण उपसमितिको निर्णय पूस्तिकामा पछि हस्ताक्षर गरेको देखिएकोले पछि हस्ताक्षर गर्ने कार्य तुरुन्त रोक्न व्यवस्थापन एवं समितिलाई निर्देश सहित लगातार ३ वटा बैठकमा अनुपस्थित रहने समिति, उपसमितिका सदस्यको राय लिएर समिति, उपसमिति पुनर्गठन गर्नुपर्ने देखिन्छ ।

२१. गत आ.व .को तुलनामा कारोबार सन्तोषजनक देखिए पनि ऋण असुली कार्य सन्तोषनजक नभएको, एकै परिवारमा अधिक ऋण प्रवाह भएको, बिना धितो ऋण प्रवाह बढेको, किस्ताबन्दी ऋण असुली गर्नुपर्नेमा नविकरणीय तरिकाले ऋण व्यवस्थापन भएकाले सो कार्य अविलम्ब न्यूनिकरण गर्दै आयमुलक एवं उत्पादनमुलक क्षेत्रमा किस्ताबन्दी असुली हुने गरी ऋण व्यवस्थापन गर्न गराउन ऋण उपसमिति एवं सञ्चालक समितिले ध्यान दिनुहुन ।

२२. विभिन्न विभागिय कर्मचारीहरुले आन्तरिक लेखापरीकले कैफियत देखाएका धेरैजसो कैफियत सुधार गरेको भए पनि सदस्य एवं ऋणीको कागजात व्यस्थापन तथा दैनिक कार्यसम्पादनका केही गम्भिर विषयमा आवश्यक ध्यान नदिएको देखिएकोले व्यवस्थापनले यथासक्य छिटो सोको निराकरण गराइ संस्थागत जोखिम कम गराउन हुन ।

२३. दैनिक कार्यसम्पादनको क्रममा कर्मचारीहरुको कार्यसम्पादन शैलि अली छिटोछरितो एवं चुस्त दुरुस्त नदेखिएकोले सो तर्फ व्यवस्थापनले ध्यान दिइ सोको निराकरण गर्न हुन ।

२४. संस्थागत बचत न्यून भएकोले बजार सहायक एवं सोसँग सम्बन्धित कर्मचारीहरुलाई सकृय गराउन पर्ने देखिन्छ ।

२५. सदस्य सुझाव संकलन गर्दै नीति विधि र प्रविधियुक्त सहकारी निमार्णको लागि हालको राष्ट्रिय आर्थिक संकटको अवस्थामा व्यवस्थापन, समिति, उपसमिति सबैजना विगतभन्दा अलि बढी संस्थागत सहकार्य एवं अनुगमनमा सकृय रहनुहुन ।

२६. संस्थागत कारोबार वृद्धि सँगसँगै अनुभवी शाखा प्रमुख एवं ऋण विभाग प्रमुखको यथासक्य छिटो व्यवस्थापन गरी ऋण लगानी सँगसँगै असुली तर्फ पनि व्यवस्थापन अझ सकृय रहनु अनिवार्य देखिन्छ ।

**सभाका सभाध्यक्षज्यू तथा शेयर सदस्यज्यूहरु**

गत छैटौं साधारणबाट हामीलाई लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी प्रदान भएकोमा सबै शेयर सदस्यज्युहरुप्रति हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछौं । संस्थागत सुशासन, अीर्थक पारदर्शिता सहित चुस्त दुरुस्त व्यवस्थापन, सहज एवं सरल सहकारी सदस्य सेवा प्रदान गर्दै संस्था एवं सदस्यको अधिक हितमा सहकार्य गर्न गराउन हामीले हालसम्मको आफ्नो ज्ञान, सिप, क्षमता र अनुभवले भ्याएसम्म अनुगमन, छलफल तथा परामर्श गरी समिति एवं व्यवस्थापनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सुझाव दिदैं आएका छौं । संस्थाको आन्तरिक लेखापरीक्षण कार्यमा सहजताको लागि अनुभवी चार्टड एकाउन्टेन्ट मार्फत अर्धवार्षिक सुक्ष्म लेखापरीक्षण गरी समिति एवं व्यवस्थापनलाई सुझाव दिदैं आएका छौ । हालसम्म जघन्य गल्ती एवं सुधारजन्य कार्य केही भएको छैन भने सुधारात्मक कार्यहरुलाई समिति एवं व्यवस्थापनले पनि आवश्यकता

अनुसार सुधार गर्दै आएको छ। हामीलाई सदाझै रचानात्मक सहयोग प्राप्त हुने विश्वास राख्दै समितिमा रहेर सहकार्य गर्न एवं प्रतिवेदन तयारीमा सहकार्य, सहयोग गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, संस्थाका सल्लाहकार, समितिका अध्यक्ष एवं सञ्चालकज्यूहरु, उपसमितिका पदाधिकारी एवं सदस्यज्यूहरु, शेयर सदस्य, प्रमुख कार्यकारी अधिकृत, दुबै कार्यालय प्रमुख एवं कर्मचारीहरु, आन्तरिक तथा बाह्य लेखापरिक्षकज्यूहरु मा हार्दिक आभार एवं धन्यवाद सहित कोरोना महामारीबाट आक्रान्त भई हाल उत्पन्न तरलता संकट छिटो निवारण भई हामी सबैको आर्थिक, नैतिक एवं सामाजिक उन्नयन होस्, सबैजना सुरक्षित, स्वस्थ एवं निरोगी रहेर आफ्ना हरेक गतिविधिमा सकृय रहन सकौं, हामी लेखा समितिको तर्फबाट सबैमा शुभकामना व्यक्त गर्दै प्रतिवेदन अन्त भएको जानकारी गराउदै बिदा हुन्छौं ।

सचेत रहौं, सुरक्षित रहौं, निशंकोच जयलक्ष्मीसँग हातेमाले गरौं
दीर्घकालसम्म “सहकारी मार्फत आत्मनिर्भता” बढाउन हामी तल्लिन थियौं, छौं र सदा रहनेछौं ।

लक्ष्मी माताले हामी सबैको कल्याण गरुन् ।
धन्यवाद, जयलक्ष्मी ।। जय सहकारी ।।।

| | | |
|---|---|---|
| हर्कबहादुर अधिकारी | विष्णुप्रसाद प्रौडेल | सञ्जिता अधिकारी |
| लेखा समिति सदस्य | लेखा समिति सदस्य | लेखा समिति संयोजक |

Mittal & Associates
ICAN M.No. 1498
Chartered Accountants

M&A
COP : ICAN – 1008
PAN : 111261260
Regd. No. : ICAN 89

## श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको वित्तीय विवरण उपर स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### मन्तव्य

हामीले श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा ११, रानिपौवा, कास्कीको मिती २०७९ आषाढ ३२ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाडंफांड हिसाब, नगदप्रवाह विवरण, स्वामित्वमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा संस्थाको मिति २०७९ आषाढ ३२ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बांडफांड हिसाब, नगद प्रवाह विवरण, स्वामित्वमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु प्रचलित कानूनका अधिनमा रही सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ गण्डकी प्रदेश सहकारी ऐन २०७५, गण्डकी प्रदेश सहकारी नियमावली २०७६ तथा तदनरुप जारी भएका निर्देशन अनुरुप यथार्थ चित्रण गर्दछ ।

### मन्तव्यको आधार

हामीले नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरिक्षण सम्पन्न गरेका छौं । यसै प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा त्यी लेखापरीक्षणमान अनुसारका हाम्रो जिम्मेवारीको थप वर्णन गरिएको छ। हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको लेखा व्यवसायीहरुको आचारसंहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागी सांदर्भिक आचरणको प्रावधान अनुसार हामी वित्तीय विवरणहरुको लेखापरिक्षण गर्न स्वतन्त्र छौ र हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको आचारसंहिताहरुका अन्य प्रावधानहरुको पालना गरेका छौ । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

### वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

नेपाल लेखापरीक्षणमान तथा सहकारी ऐन/निमयावली/मापदण्ड अनुरुप वित्तीय विवरणहरु तयारी गर्ने तथा उचित प्रस्तुति गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारी अर्न्तगत वित्तिय विवरण तयार र प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरीक नियन्त्रण खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा कायम राख्ने कार्यहरु पर्दछन । जसका वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभुत रुपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखानितिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकता अनुसार लेखा अनुमान गर्ने कार्यहरु समेत पर्दछन् ।

निकाय सञ्चालन सामर्थ्यको व्यवस्थापकिय मुल्याङ्कन र निकायलाई खारेज (Liquidate) गर्ने मनसाय नभएसम्म सामान्यतया: वित्तीय विवरणहरु अविच्छिन्नताको मान्यतामा नै तयार गर्ने र सोको उपयूक्त खुलासा गर्ने कार्यको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । शासकीय भूमिकामा रहेकाहरुको जिम्मेवारी निकायको वित्तिय प्रतिवेदन प्रक्रियाको रेखदेख गर्ने रहेको छ ।

## वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उत्तरदायित्व समष्टिगत रुपमा वित्तीय विवरणहरु त्रुटि वा जालसाजीका कारण सारवान गलत आंकडायुक्त नभएको आश्वस्तता प्राप्त गर्नु र आफ्नो रायसहितको प्रतिवेदन जारी गर्नु हो । मनासिव माफिको  आश्वस्तता उच्च तहको आश्वस्तता हो तर लेखापरीक्षणमान अनुसार लेखापरीक्षणमा गर्दा सारवान गलत आँकडायुक्त प्रस्तुतिकरणको सदैव पहिचान हुन्छ नै भन्ने प्रत्याभुति गर्दैन  । गलत प्रस्तुतिकरण त्रुटि वा जालसाजीका कारण हुन सक्दछ र यदि तिनको एकल वा समष्टिगत कारणले त्यस्ता वित्तीय विवरणको आधारमा लिने आर्थिक निर्णयहरुमा आधार गर्दछ भन्ने सारवान ठहरिन्छ । नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले :

- वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखीम अधिक रहन्छ ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्वन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको औचित्य, लेखाअनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्याङ्कन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखानीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्बन्धित सारभूत अनिश्चितताको कारणले संस्थाको व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मिति सम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले संस्था अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।
- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं । हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्ययोजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउँदछौं ।
- शुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभावपार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउंदछौं ।

**अन्य कानूनी तथा नियामक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

सहकारी ऐन २०७४ तथा सहकारी नियमावली, २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा गण्डकी प्रदेश सहकारी नियमावली २०७६ एवम अन्य प्रचलित कानुन बमोजिम :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु पाएका छौं ।

(ख) हामीले लेखापरीक्षणमा गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा, संस्थानको हिसाबकिताब ऐन, नियमावली तथा तदअनुरुपका निर्देशन बमोजिम ठीकसंग राखिएको छ ।

(ग) यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, आय विवरण, नाफा नोक्सान हिसाब, स्वामित्व अंशमा भएको परिवर्तन विवरण, नगदप्रवाह विवरण र संलग्न अनूसूचिहरु तोकेको ढांचा र तरिका अनुसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाबकिताब, वहीखाता, श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

(घ) हामीले लेखा परिक्षणको समयमा संस्थाको संचालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वासंस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

नि : मित्तल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

Mittal & Associates
CA
Chartered Accountants

सि.ए. प्रितम मित्तल
प्रोप्राईटर
ठेगानाः बुटवल, रुपन्देही
मितीः २०७९।०५।०९
UDIN: 220901CA01498I6j9Z

**श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**पोखरा महानगरपालिका ११, रानिपौवा, कास्की**

**वासलात**

**२०७९ आषाढ मसान्तको**

| बिबरण | अनुसूची | २०७९ आषाढ मसान्तको | २०७८ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| **पुँजी तथा दायित्व** | | | |
| पुँजी तथा जगेडा कोष | | | |
| क शेयर पूँजी | १ | ९७,८३३,५००.०० | ९९,२२५,०००.०० |
| ख कोष हिसाब | २ | ९,०४९,३३७.३२ | ५,८२५,२१२.९१ |
| बचत तथा निक्षेपहरु | ३ | १८४,५०७,८३१.७२ | १६२,८६२,९६७.५९ |
| बाह्य ऋण तथा सापटी | ४ | १२८,२१५,६६६.३१ | १०९,०९०,०००.०० |
| पुँजीगत अनुदान | | - | - |
| चालु दायित्व तथा व्यवस्था | ५ | ७,३९६,५६४.१० | ४,१७५,५५०.४९ |
| कर दायित्व | | | |
| क श्रोतमा कर कट्टी | ६.१ | २३१,१४६.६३ | २९६,९४६.२९ |
| ख आयकर दायित्व | ६.२ | ५१०,०१५.८५ | २८९,०५७.८३ |
| दिर्घकालिन दायित्व | | - | - |
| स्थगन कर दायित्व | | - | - |
| **कूल जम्मा रु.** | | **४२७,७४४,०६१.९२** | **३८१,७६४,७३५.११** |
| **सम्पत्ति तथा जायजेथा** | | | |
| नगद मौज्दात | ७ | १,०३३,०२७.०० | ३६१,७६६.०० |
| बैंक मौज्दात | ८ | ३०,६५३,३५१.४४ | १०१,६७५,५६३.८९ |
| लगानी हिसाब | ९ | ११,२६१,०००.०० | १०,७५६,०००.०० |
| कर्जा सापटी लगानी | १० | ३६९,०२८,७३४.४२ | २५६,००७,०९७.७५ |
| चालु सम्पत्ती | ११ | ३,०८२,८०८.०५ | ३,६६७,२३७.२७ |
| स्थीर सम्पत्ति | १२ | १२,६३८,८१८.७९ | ९,२९७,०७०.२० |
| अन्य दिर्घकालिन सम्पत्ति | | - | - |
| स्थगन कर सम्पत्ति | | ४६,३२२.२२ | - |
| **कूल जम्मा रु.** | | **४२७,७४४,०६१.९२** | **३८१,७६४,७३५.११** |

प्रमुख लेखा नीति तथा टिप्पणीहरु १८

अनुसुचि १ देखि १८ सम्म यस वित्तीय विवरणका अभिन्न अंगहरु हुन् ।

हाम्रो आजकै मितिको प्रतिवेदनको आधारमा

नि. मित्तल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

सुशिल के.सी.
प्रमुख कार्यकारी अधिकृत

सुरेश के.सी.
कोषाध्यक्ष

सञ्जिता अधिकारी
लेखा संयोजक

शिवलाल उपाध्याय
सचिव

यादवप्रसाद अधिकारी
उपाध्यक्ष

निलराज आर्ये
अध्यक्ष

सि.ए. प्रितम मित्तल
प्रोप्राईटर
मिति: २०७९।०५।०९
ठेगाना: बुटवल, रुपन्देही
UDIN: 220901CA01498I6j9Z

# श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**पोखरा महानगरपालिका ११, रानिपौवा, कास्की**

**नाफा नोक्सान हिसाब बिबरण (सञ्चालन नतिजा)**

२०७८ श्रावण ०१ देखि २०७९ आषाढ मसान्तसम्मको

| बिबरण | अनुसूची | २०७९ आषाढ मसान्तको | २०७८ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| ब्याज आम्दानी | १३ | ५३,२०६,८०१.४९ | २४,९७१,२३९.०६ |
| ब्याज खर्च | १४ | ३३,०४२,६०९.१५ | १४,५४६,३२१.४७ |
| **खुद ब्याज आम्दानी** | | २०,१६४,१९२.३४ | १०,४२४,९१७.५९ |
| अन्य सञ्चालन आम्दानी | १५ | ३,७०३,८३५.३५ | ३,४२९,६९३.०० |
| **कुल सञ्चालन आम्दानी** | | २३,८६८,०२७.६९ | १३,८५४,६१०.५९ |
| प्रशासनिक खर्च | | | |
| कर्मचारी खर्च | १६.१ | ५,३८७,६२६.५० | २,६७९,३१४.५० |
| प्रशासनिक खर्च | १६.२ | ३,७३४,९३४.६० | २,७७४,५२०.४७ |
| सहकारी कार्यक्रम खर्च | १६.३ | ४,७७६,४५५.९९ | २,२२०,९२७.०० |
| जम्मा प्रशासनिक खर्च | | १३,८९९,०१७.०९ | ७,६७४,७६१.९७ |
| ह्रासकट्टी खर्च | १२ | १,२०५,३०७.७९ | ६०९,६४७.८९ |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | ८,७६३,७०२.८१ | ५,५७०,२००.७३ |
| **सम्भावित नोक्सानी व्यवस्था** | | | |
| कर्जा नोक्सानी व्यवस्था | १७ | १,९२३,०७३.४४ | ७९४,१६३.७१ |
| सन्चालन मुनाफा/(नोक्सान) | | ६,८४०,६२९.३७ | ४,७७६,०३७.०२ |
| गैर सञ्चालन आम्दानी | | - | - |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | - | - |
| **नियमित कारोबारबाट भएको मुनाफा/(नोक्सान)** | | ६,८४०,६२९.३७ | ४,७७६,०३७.०२ |
| असामान्य कारोबारबाट भएको आम्दानी | | | |
| **सम्पूर्ण कारोबारपछिको खुद मुनाफा** | | ६,८४०,६२९.३७ | ४,७७६,०३७.०२ |
| कर्मचारी बोनस व्यवस्था | | ६२१,८७५.४० | ४३४,१८५.१८ |
| **आयकर गणना पूर्वको सञ्चालन बचत** | | ६,२१८,७५३.९७ | ४,३४१,८५१.८४ |
| संस्थागत आयकर व्यबस्था | | ५१०,०१५.८५ | २८९,०५७.८३ |
| गत बर्षको कर | | - | - |
| डेफर्ड कर व्यवस्था | | (४६,३२२.२२) | - |
| आयकर व्यबस्था पछिको सञ्चालन बचत | | **५,७५५,०६०.३५** | **४,०५२,७९४.०१** |

प्रमुख लेखा नीति तथा टिप्पणीहरु १८

हाम्रो आजकै मितिको प्रतिवेदनको आधारमा

अनुसुचि १ देखि १८ सम्म यस [illegible] वरणका अभिन्न अंगहरु हुन् ।

नि. मित्तल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

सुशिल व
प्रमुख कार्यकारी अधिकृत

सुरेश के.सी.
कोषाध्यक्ष

सञ्जिता अधिकारी
लेखा संयोजक

शिवलाल उपाध्याय
सचिव

यादबप्रसाद अधिकारी
उपाध्यक्ष

निलराज आत्रेय
अध्यक्ष

सि.ए. प्रितम मित्तल
प्रोप्राईटर
मिति: २०७९।०५।०९
ठेगाना: बुटवल, रुपन्देही
UDIN:220901CA01498I6j9Z

# श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**पोखरा महानगरपालिका ११, रानिपौवा, कास्की**

**नगद प्रवाह विवरण**

२०७८ श्रावण ०१ देखि २०७९ आषाढ मसान्तसम्मको

| सि.नं. | बिबरण | २०७९ आषाढ मसान्तको | २०७८ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| क. | **संचालन गतिविधिबाट भएको नगद प्रवाह** | | |
| | **करपछिको नाफा (नोक्सान)** | ५,७५५,०६०.३५ | ४,०५२,७९४.०१ |
| | **समायोजन** | | |
| | १. ह्रास कट्टी खर्च | १,२०५,३०७.७९ | ६०९,६४७.८९ |
| | २. क्षयिकरण खर्च | - | - |
| | ३. बिभिन्न कोषको समायोजन | (२,५३०,९३५.९६) | (१,३६३,४३२.१३) |
| | **(क) - १** | **४,४२९,४३२.१८** | **३,२९९,००९.७७** |
| | **संचालन गतिविधिबाट भएको नगद प्रवाह** | | |
| | चालु सम्पत्तीमा तथा दायित्वमा भएको परिवर्तन | | |
| | १. निक्षेपमा भएको (वृद्धि) / कमी | २१,६४४,८६४.१३ | ५८,८५९,५३०.२४ |
| | २. अन्य दायित्वमा भएको (कमी)/वृद्धि | ३,३७६,१७२.०० | १,९३३,९९४.६६ |
| | ३. भुक्तानी दायित्वमा भएको (कमी)/वृद्धि | - | - |
| | ४. कर्जा लगानीमा (वृद्धि) र कमी | (११३,०२१,६३६.६७) | (११७,२३३,०८९.४४) |
| | ५. चालु सम्पत्तीमा भएको (वृद्धि) / कमी | ५८४,४२९.२२ | (२,६८६,६४३.४३) |
| | ६. अन्य सम्पत्तीमा भएको (वृद्धि) / कमी | (४६,३२२.२२) | - |
| | **कुल कार्यशिल पुँजीबाट नगद प्रबाह (क) - २** | **(८७,४६२,४९३.५५)** | **(५९,१२६,२०७.९७)** |
| | **कुल संचालन पुँजीबाट नगद प्रबाह (क) को जम्मा रु.** | **(८३,०३३,०६१.३७)** | **(५५,८२७,१९८.२०)** |
| ख. | **लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| | (-) स्थिर सम्पत्ति खरिद | (४,५४७,०५६.३८) | (१,६४७,३०६.४७) |
| | (+) स्थिर सम्पत्तिको बिक्री | - | - |
| | (-) शेयर लगानी खरिद | (५०५,०००.००) | (६४५,०००.००) |
| | (-) अन्य लगानीमा वृद्धि | - | - |
| | **कुल लगानी गतिविधिबाट नगद प्रवाह (ख)** | **(५,०५२,०५६.३८)** | **(२,२९२,३०६.४७)** |
| ग. | **वित्तिय गतिविधिबाटको नगद प्रवाह** | | |
| | शेयरमा भएको वृद्धि / (कमी) | (१,३९१,५००.००) | २७,०००,०००.०० |
| | बाह्य ऋणमा भएको वृद्धि / (कमी) | १९,१२५,६६६.३१ | १०९,०९०,०००.०० |
| | **कुल वित्तिय गतिविधिबाटको नगद प्रवाह(ग)** | **१७,७३४,१६६.३१** | **१३६,०९०,०००.००** |
| | यस वर्षमा भएको खुद नगद प्रवाह (क+ख+ग) | (७०,३५०,९५१.४४) | ७७,९७०,४९५.३३ |
| | शूरुको नगद तथा बैंक मौज्दात | १०२,०३७,३२९.८९ | २४,०६६,८३४.५७ |
| | **अन्तिम नगद तथा बैक मौज्दात** | **३१,६८६,३७८.४४** | **१०२,०३७,३२९.८९** |

प्रमुख लेखा नीति तथा टिप्पणीहरु १८

अनुसुचि १ देखि १८ सम्म यस वित्तीय विवरणका अभिन्न अंगहरु हुन् ।

नि. मित्तल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

सुशिल के.सी.
प्रमुख कार्यकारी अधिकृत

सुरेश के.सी.
कोषाध्यक्ष

सञ्जिता अधिकारी
लेखा संयोजक

शिवलाल उपाध्याय
सचिव

यादबप्रसाद अधिकारी
उपाध्यक्ष

निलराज आत्रेय
अध्यक्ष

सि.ए. प्रितम मित्तल
प्रोप्राईटर
मितिः २०७९।०५।०९
ठेगानाः बुटवल, रुपन्देही
UDIN: 220901CA01498I6j9Z

**श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा महानगरपालिका ११, रानिपौवा, कास्की**
**स्वामित्वमा भएको परिवर्तनको विवरण**
२०७८ श्रावण ०१ देखि २०७९ आषाढ मसान्तसम्मको

| विवरण | पुँजीकोष | साधारण जगेडा कोष | संरक्षित पूंजी कोष | सहकारी प्रवर्द्धन कोष | शेयर लाभांश कोष | कर्मचारी बोनस कोष | सहकारी शिक्षा कोष | सहकारी विकास कोष | घाटा पुर्ति कोष | स्थिरीकरण कोष | सामुदायिक विकास कोष | अन्य जोखिम व्यवस्थापन कोष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरुको मौज्दात | ९९,२२५,०००.०० | २,७००,९५२.३८ | १,०८१,९७६.९५ | २७,७५१.२८ | १,४०७,४७२.९२ | २,६९९.६६ | १००,७२६.६२ | १००,७२६.६२ | १००,७२६.६२ | १००,७२६.६२ | १००,७२६.६२ | १००,७२६.६२ |
| लेखा नीतिमा भएको परिवर्तनको असर | - | - | - | - | - | - | - | - | - | - | - | - |
| परिवर्तित मौज्दात | ९९,२२५,०००.०० | २,७००,९५२.३८ | १,०८१,९७६.९५ | २७,७५१.२८ | १,४०७,४७२.९२ | २,६९९.६६ | १००,७२६.६२ | १००,७२६.६२ | १००,७२६.६२ | १००,७२६.६२ | १००,७२६.६२ | १००,७२६.६२ |
| चुक्तापुँजि थप /(फिर्ता) | (१,३९१,५००.००) | | | | | | | | | | | |
| एकिकृत संस्थाबाट आएको थप | - | - | - | - | - | - | - | - | - | - | - | - |
| कोषबाट भएको भुक्तानी तथा खर्च | - | | (१,०८१,९७६.९५) | (२७,७५१.२८) | (१,४०६,५२३.०५) | (२,६९९.६६) | (४,४८५.००) | - | - | - | (७,५००.००) | |
| बिभिन्न कोषको समायोजन | - | ५९३,३२४.५९ | - | - | (९४९.८७) | - | (९६,२४१.६२) | (१००,७२६.६२) | (१००,७२६.६२) | (१००,७२६.६२) | (९३,२२६.६२) | (१००,७२६.६२) |
| यस आ.ब. को खुद नाफा बाँडफाँड | - | १,४३८,७६५.०९ | १,५१०,७०३.३४ | २१,५८१.४८ | १,९४८,८०७.३१ | - | १३९,२००.५२ | १३९,२००.५२ | १३९,२००.५२ | १३९,२००.५२ | १३९,२००.५२ | १३९,२००.५२ |
| अन्तिम मौज्दात | ९७,८३३,५००.०० | ४,७३३,०४२.०६ | १,५१०,७०३.३४ | २१,५८१.४८ | १,९४८,८०७.३१ | - | १३९,२००.५२ | १३९,२००.५२ | १३९,२००.५२ | १३९,२००.५२ | १३९,२००.५२ | १३९,२००.५२ |

## श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

### शेयर पूँजी तथा स्वामित्व
### २०७९ आषाढ मसान्तको

अनुसुचि - १

| सि.नं. | बिबरण | २०७९ आषाढ मसान्तको | २०७८ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| १ | **अधिकृत पूँजी** | | |
| | १५,००,००० कित्ता प्रति शेयर रु १०० दरले | १५०,०००,०००.०० | १५०,०००,०००.०० |
| २ | **चुक्ता पंँजी** | | |
| | ९,७८,३३५ कित्ता प्रति शेयर रु १०० दरले | ९७,८३३,५००.०० | ९९,२२५,०००.०० |
| ३ | **शेयर वापत पेश्की** | - | - |
| | **जम्मा रु.** | **९७,८३३,५००.००** | **९९,२२५,०००.००** |

### जगेडा कोष तथा अन्य विविध कोष
### २०७९ आषाढ मसान्तको

अनुसुचि - २

| सि.न. | विवरण | २०७९ आषाढ मसान्तको | २०७८ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| १ | संचित नोक्सान | - | - |
| २ | साधारण जगेडा कोष | ४,७३३,०४२.०६ | २,७००,९५२.३८ |
| | **अन्य कोष** | **४,३१६,२९५.२६** | **३,१२४,२६०.५३** |
| ३ | संरक्षित पूंजी कोष | १,५१०,७०३.३४ | १,०८१,९७६.९५ |
| ४ | सहकारी प्रवर्द्धन कोष | २१,५८१.४८ | २७,७५१.२८ |
| ५ | शेयर लाभांश कोष | १,९४८,८०७.३१ | १,४०७,४७२.९२ |
| ६ | कर्मचारी बोनस कोष | - | २,६९९.६६ |
| ७ | सहकारी शिक्षा कोष | १३९,२००.५२ | १००,७२६.६२ |
| ८ | सहकारी विकास कोष | १३९,२००.५२ | १००,७२६.६२ |
| ९ | घाटा पुर्ति कोष | १३९,२००.५२ | १००,७२६.६२ |
| १० | स्थिरीकरण कोष | १३९,२००.५२ | १००,७२६.६२ |
| ११ | सामुदायिक विकास कोष | १३९,२००.५२ | १००,७२६.६२ |
| १२ | अन्य जोखिम व्यवस्थापन कोष | १३९,२००.५२ | १००,७२६.६२ |
| | **जम्मा** | **९,०४९,३३७.३२** | **५,८२५,२१२.९१** |

## श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

### बचत तथा निक्षेपहरु

### २०७९ आषाढ मसान्तको

**अनुसूची - ३**

| सि.नं. | बिबरणहरु | २०७९ आषाढ मसान्तको | २०७८ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| **क.** | **बचत हिसाब** | **९०,७१२,३८७.४०** | **१२८,२२६,९८७.५९** |
| १ | सुनौलो बाल बचत | ४३,८७६.८८ | ५८२,९३२.५० |
| २ | सदस्य मासिक बचत | २९,५१३,४७१.२० | २१,६७०,०९१.४९ |
| ३ | जयलक्ष्मी साधारण बचत | ३२,२२९,६७५.८४ | २०,९१५,०९८.२९ |
| ४ | जयलक्ष्मी विशेष बचत | १७,१९०,४०४.२६ | ३२,१२५,३५९.२९ |
| ५ | जयलक्ष्मी नारी बचत | ७,३२०,४०९.५५ | ४९,२४२,६३९.४१ |
| ६ | जयलक्ष्मी जेष्ठ नागरिक बचत | ४,३३९,०२७.२८ | २,८२९,७७७.५५ |
| ७ | जयलक्ष्मी कर्मचारी बचत खाता | ७५,५२२.३९ | २८६,१४३.६० |
| ८ | जयलक्ष्मी क्रमिक बचत खाता | - | ५७४,९४५.४६ |
| **ख.** | **आवधिक निक्षेप** | **९३,७९५,४४४.३२** | **३४,६३५,९८०.००** |
| | आवधिक निक्षेप खाता | ९३,७९५,४४४.३२ | ३४,६३५,९८०.०० |
| | **जम्मा रु.** | **१८४,५०७,८३१.७२** | **१६२,८६२,९६७.५९** |

### बाह्य ऋण तथा सापटी

### २०७९ आषाढ मसान्तको

**अनुसूची - ४**

| सि.नं. | बिबरणहरु | २०७९ आषाढ मसान्तको | २०७८ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| १ | राष्टिय सहकारी बैंक लि. : तरलता व्यवस्थापन कर्जा | ९,०९०,०००.०० | ९,०९०,०००.०० |
| २ | राष्टिय सहकारी बैंक लि. : सबल सहकारी कर्जा | ४१,८५२,९४१.३१ | ५०,०००,०००.०० |
| ३ | आर. एम. डि. सि. लघुवित्त वित्तिय संस्था लि. : कोभिड सहुलियत कर्जा | ७७,२७२,७२५.०० | ५०,०००,०००.०० |
| | **जम्मा रु.** | **१२८,२१५,६६६.३१** | **१०९,०९०,०००.००** |

## श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
### चालु दायित्व तथा व्यवस्था
### २०७९ आषाढ मसान्तको

अनुसूची - ५

| सि.नं. | बिबरणहरु | २०७९ आषाढ मसान्तको | २०७८ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| **खर्च व्यबस्था तथा भुक्तानी गर्नु पर्ने रकम** | | | |
| १ | लेखापरीक्षण शुल्क | ११७,०७५.५४ | ९२,६५३.५४ |
| २ | आन्तरीक लेखापरीक्षण शुल्क | २७,८७५.०० | - |
| ३ | भुक्तानी दिनुपर्ने ब्याज | ६०१,२८७.९५ | १८९,०७५.६२ |
| ४ | कर्मचारी अवकास कोष | - | ३८,५६३.८१ |
| ५ | मोबाईल बैंकिङ (एस. सि. टि. बापतको) | ३७,०३०.०० | |
| ६ | अन्य दिनु पर्ने खर्च | ७६३,३७५.०२ | ८,१५६.०० |
| ७ | कर्मचारी कल्याणकारी कोष | ४८,२८३.८४ | ७८,१२६.०० |
| ८ | कर्मचारी विदा व्यवस्था | ४१४,९३८.४० | |
| ९ | अन्य दायित्व | २३०,१६०.०३ | |
| १० | भुक्तानी दिन बांकी अन्य रकम | ५१,५१८.५० | ७७४,७१९.३६ |
| **व्यवस्थाहरु** | | | |
| ११ | कर्जा नोक्सान व्यवस्था | ४,४८३,१४४.४२ | २,५६०,०७०.९८ |
| १२ | कर्मचारी बोनस ब्यवस्था | ६२१,८७५.४० | ४३४,१८५.१८ |
| | **जम्मा रु.** | **७,३९६,५६४.१०** | **४,१७५,५५०.४९** |

| सि.नं. | बिबरणहरु | २०७९ आषाढ मसान्तको | २०७८ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| १ | कुल ऋण लगानी | ३६९,०२८,७३४.४२ | २५६,००७,०९७.७५ |
| २ | **कुल ऋण नोक्सानी कोष व्यवस्था** | **४,४८३,१४४.४२** | **२,५६०,०७०.९८** |
| **असल ऋण(भाखा ननागेको)** | | ३६७,२२२,११२.०० | २५६,००७,०९७.७५ |
| असल ऋणमा ऋण नोक्सानी कोष(१ प्रतिशत) | | ३,६७२,२२१.१२ | २,५६०,०७०.९८ |
| **शकास्पद ऋगा १ (वर्षसम्म भाखा ननागेको)** | | १,५३१,८४४.८० | - |
| शकास्पद ऋणमा ऋण नोक्सानी कोष (३५ प्रतिशत) | | ५३६,१४५.६८ | - |
| **खराब ऋण (१ वर्ष बढी भाखा नाघेको)** | | २७४,७७७.६२ | - |
| खराब ऋणमा ऋण नोक्सानी कोष (१०० प्रतिशत) | | २७४,७७७.६२ | - |
| **ऋण नोक्सानी कोष अवलेखन** | | - | - |
| | गत वर्षसम्मको कर्जा नोक्सानी कोष व्यवस्था | २,५६०,०७०.९८ | १,३८७,७४०.०८ |
| | एकिकृत संस्थाबाट सारिएको कर्जा नोक्सानी कोष व्यवस्था | - | ३७८,१६७.१९ |
| यस वर्षको जम्मा ऋण नोक्सानी कोष व्यवस्था | | **१,९२३,०७३.४४** | **७९४,१६३.७१** |

### कर दायित्व
### २०७९ आषाढ मसान्तको

अनुसूची - ६

| सि.नं. | बिबरणहरु | २०७९ आषाढ मसान्तको | २०७८ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| ६.१ | **श्रोतमा कर कट्टी** | | |
| १ | भुक्तानी दिन बाँकी ब्याज कर | २०९,४३३.१२ | १८३,३७८.८४ |
| २ | स्रोतमा कर कट्टी (घर बाहल कर) | - | १.०१ |
| ३ | सामाजिक सूरक्षा कर | १८५.०० | ४९२.०० |
| ४ | स्रोतमा कर कट्टी (कर्मचारी आयकर) | ९,७००.०० | - |
| ५ | स्रोतमा कर कट्टी (शुरक्षा खर्च) | ४००.०० | - |
| ६ | स्रोतमा कर कट्टी (बैठक भत्ता) | ६,६००.०० | १६,८७५.०० |
| ७ | स्रोतमा कर कट्टी (लेखापरीक्षण) | १,१२५.०० | ३४६.४६ |
| ८ | स्रोतमा कर कट्टी (लाभांश) | - | ५१,०३४.४२ |
| ९ | स्रोतमा कर कट्टी (संरक्षित पुँजि फिर्ता कोष) | - | ३९,५६१.४४ |
| १० | स्रोतमा कर कट्टी (अन्य) | ३,६४३.९० | ५,२३६.०० |
| ११ | स्रोतमा कर कट्टी कमिसन खर्च (एस.एम.एस सेवा) | ५९.६१ | २१.१२ |
| | जम्मा | **२३१,१४६.६३** | **२९६,९४६.२९** |
| ६.२ | **आयकर दायित्व** | ५१०,०१५.८५ | २८९,०५७.८३ |
| | जम्मा | **५१०,०१५.८५** | **२८९,०५७.८३** |
| | **जम्मा रु.** | **७४१,१६२.४८** | **५८६,००४.१२** |

# श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## पोखरा महानगरपालिका ११, रानिपौवा, कास्की

### नगद मौज्दात
### २०७९ आषाढ मसान्तको

अनुसूची - ७

| सि.नं. | बिबरणहरु | २०७९ आषाढ मसान्तको | २०७८ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| १ | नगद मौज्दात | १,०३३,०२७.०० | ३६१,७६६.०० |
| | **जम्मा रु.** | **१,०३३,०२७.००** | **३६१,७६६.००** |

### बैंक मौज्दात
### २०७९ आषाढ मसान्तको

अनुसूची - ८

| सि.नं. | बिबरणहरु | २०७९ आषाढ मसान्तको | २०७८ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| १ | कृषि बैंक लिमिटेड | ६,८००.०० | ६,८००.०० |
| २ | राष्ट्रिय सहकारी बैंक लिमिटेड, न्यूरोड | ६,२४७,४०३.२७ | ७,०७४,५८७.२९ |
| ३ | राष्ट्रिय सहकारी बैंक लिमिटेड | ३,९३४,७७०.०७ | ११,३९४,७९०.६५ |
| ४ | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. | ४५,२६७.६० | ११,२७३,७६२.८९ |
| ५ | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि., रानिपौवा | १,०९५,६७२.८१ | ३१,४८७.८४ |
| ६ | खाता) | ४,१७६.२९ | |
| ७ | एन. एम. बि. बैंक लि. (लामाचौर शाखा) | १,०२८,८९०.३६ | १,४८०,१८९.८७ |
| ८ | एन. एम. बि. बैंक लि., रानिपौवा शाखा | ३९२,१४७.९६ | २,४७३,९२९.३६ |
| ९ | गरिमा विकास बैंक लि. | १,१६५,६२९.१८ | ८०,०६८.८१ |
| १० | माछापुच्छ्रे बैंक लि. | १,३८६,५३२.०३ | २०४,५४८.०३ |
| ११ | लुम्बिनी विकास बैंक लि. | १,२१३,८६१.२२ | १,५५७,०५५.५० |
| १२ | मेगा बैंक लि. (साबिक: गण्डकी विकास बैंक लि.) | ८६७,७३७.९२ | ८६७,६९६.२५ |
| १३ | प्राईम क. बैंक लि. (साबिक: कैलाश विकास बैंक लि. | ८८६,९०९.५७ | ५१२,६४०.१० |
| १४ | हिमालयन बैंक लि.(चल्ती खाता) | ८२,४५१.८४ | ७६,३४४.८४ |
| १५ | हिमालयन बैंक लि.(भोस्ट्रो खाता) | ५०१,९७५.३३ | ५२४,०५५.३३ |
| १६ | सेन्चुरी कमर्सियल बैंक लि. | ६९९,८४८.३७ | ४२७,४५६.९५ |
| १७ | मुक्तिनाथ वि. बैंक लि. | १,१५३,२४३.७२ | १,३३४,१०१.४३ |
| १८ | हब कोअपरेटिभ सर्भिस लि.. | ३२,३५५.१५ | १००,०४५.४१ |
| १९ | सानिमा बैंक लि., बगर शाखा | ६२५,४६०.९१ | ११०,५०४.१२ |
| २० | सांग्रिला विकास बैंक लि. | ११७,७११.०० | १,२४५,२१७.४६ |
| २१ | कुमारी बैंक लि. | ३७५,३६२.९२ | |
| २२ | प्रभु बैंक लि. | ११५,३३२.७३ | |
| २३ | सिद्वार्थ बैंक लि. | १५,०१०.३४ | |
| २४ | एन. आई. सि बैंक लि. | ६३,८६६.५५ | |
| २५ | कामना सेवा विकास बैंक लि. | ९४,९३४.३० | ९००,२८१.७६ |
| २६ | राष्ट्रिय सहकारी बैंक लिमिटेड (मुद्दती खाता) | ८,५००,०००.०० | ६०,०००,०००.०० |
| | **जम्मा रु.** | **३०,६५३,३५१.४४** | **१०१,६७५,५६३.८९** |

### लगानी हिसाब
### २०७९ आषाढ मसान्तको

अनुसूची - ९

| सि.नं. | बिबरणहरु | २०७९ आषाढ मसान्तको | २०७८ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| | शेयर लगानी | | |
| १ | राष्ट्रिय सहकारी बैंक लिमिटेड | १०,१०१,०००.०० | १०,१०१,०००.०० |
| २ | हब कोअपरेटिभ सर्भिस लि. | ५००,०००.०० | ५००,०००.०० |
| ३ | कास्की जिल्ला बचत तथा ऋण सहकारी संघ | १०,०००.०० | १०,०००.०० |
